

# नेपालमा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको सुरक्षित र अर्थपूर्ण राजनीतिक सहभागिता तथा प्रतिनिधित्व सम्बन्धी प्रशिक्षण अध्ययन सामग्री

**तयार पार्ने संस्था: निल हिरा समाज**

**परियोजना को नाम:** PRIDE (Promoting Rights, Inclusion, Dignity and Enhanced Political Participation of LGBTIQ + Individuals in Nepal) Project

**सहयोग: ड्यान चर्च एड र युरोपेली संघ**

BLUE DIAMOND SOCIETY NEPAL

DCA actalliance

Funded by the European Union

**अध्ययन सामग्री निर्माण टिम**

**लेखक:**

टिकाराम भुसाल

**प्राविधिक सल्लाहकारहरू:**

परशुराम चौधरी

सूर्या कुमारी सुनार

मनिला न्यौपाने

**प्राविधिक सहयोग:**

ड्यान चर्च एड नेपाल

**आर्थिक सहयोग:**

युरोपेली संघ

**अध्ययन सामग्री को आधारभुत विकास**

हिमालयन ग्रोथ माइन्ड्स (HGM) द्वारा निल हिरा समाजका  लागी लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको सुरक्षित र अर्थपूर्ण राजनीतिक सहभागिता तथा प्रतिनिधित्व सम्बन्धी प्रारम्भिक प्रशिक्षक प्रशिक्षण (ToT) पाठ्यक्रम, 'प्राइड' परियोजना अन्तर्गत विकास गरिएको थियो। यो हातेपुस्तिका सोही जगमा आधारित रही मानव अधिकारका खाका, राजनीतिक साक्षरताका अवधारणा प्रशिक्षक प्रशिक्षण कार्यक्रम को लागी चाहिने  अध्ययन सामाग्री थप गरी सन्दर्भ-अनुकूल बनाइएको छ। यस हातेपुस्तिकाको आधार तयार पार्ने मूल मोड्युल विकासमा पुर्याएको अमूल्य योगदानका लागि हामी  हिमालयन ग्रोथ माइन्ड्स प्रति हार्दिक आभार व्यक्त गर्दछौ।

**प्रतिलिपि अधिकार © २०२६ निल हिरा समाज (Blue Diamond Society-BDS)**

यो अध्ययन सामग्री को प्रकाशन प्राइड परियोजना अन्तर्गत गरिएको हो र यस पाठ्यक्रम मा समेटिएका सामग्रीहरूको पूर्ण जिम्मेवारी निल हिरा समाजको हुनेछ। उपयुक्त स्रोत खुलाएर शैक्षिक तथा गैर-व्यावसायिक प्रयोजनका लागि यस अध्ययन सामग्री को पुनरुत्पादन गर्न सकिनेछ।

**प्रकाशन मिति:** आषाढ २०८३

# विषयसूची


निल हिरा समाजको सन्देश ..... 1

हार्दिक आभार ..... 2

अध्ययन सामग्री को परिचय ..... 3

प्रशिक्षण अध्ययन सामग्री का उद्देश्यहरू ..... 4-5

तालिमको संरचना ..... 5-6

**मोड्युल १: मानव अधिकार**

सत्र १: स्वागत, परिचय र तालिमको रूपरेखा ..... 6

सत्र २: मानव अधिकारका आधारभूत अवधारणा तथा अन्तर्राष्ट्रिय संयन्त्रहरू ..... 6-12

**मोड्युल २: नेपालमा संवैधानिक अधिकार, शासकीय स्वरूप तथा राजनीतिक सहभागिता**

सत्र ३: संवैधानिक अधिकार र धरातलीय यथार्थ ..... 12-15

सत्र ४: नेपालको शासकीय स्वरूप र राजनीतिक प्रणाली ..... 15-19

**मोड्युल ३: निर्वाचन प्रणाली, राजनीतिक सहभागिता र नागरिक स्थान**

सत्र ५: निर्वाचन र राजनीतिक प्रणालीको व्यावहारिक अभ्यास ..... 19-22

सत्र ६: नागरिक स्थान, CSOs, नागरिक अगुवा र अभियन्ताहरूको भूमिका ..... 22-23

**मोड्युल ४: अर्थपूर्ण राजनीतिक सहभागिता, प्रतिनिधित्व, पैरवी र अभियान सञ्चालन**

सत्र ७: राजनीतिक सहभागिता र प्रतिनिधित्वको महत्त्व ..... 23-26

सत्र ८: राजनीतिक सहभागिताका मार्गहरू र डिजिटल अभियान ..... 26-27

**मोड्युल ५: सुरक्षा, संरक्षण तथा गठबन्धन र साझेदारी निर्माण**

सत्र ९: राजनीतिक सहभागिता का विभिन्न जोखिमहरू ..... 27-29

सत्र १०: जोखिम मूल्याङ्कन र न्यूनीकरणका उपायहरू ..... 29-31

**सन्दर्भ सामाग्रीहरु** ..... 31

# निल हिरा समाज को सन्देश

सन् २००१ मा स्थापित निल हिरा समाज (BDS) , नेपालमा लैंगिक तथा यौनिक अल्पसङ्ख्यक (LGBTIQ+) समुदायको अधिकार, सशक्तीकरण र सामाजिक न्याय का लागि क्रियाशील एक अग्रणी राष्ट्रिय स्तरको संस्था हो। यस संस्था ले मानव अधिकार, सामाजिक न्याय, समावेशी नीति र समान अवसर एवं सेवाहरूमा पहुँच सुनिश्चित गर्न सरकारी निकाय, नागरिक समाज, विकास साझेदार, सञ्चारमाध्यम तथा संचारकर्मी र सामुदायिक सरोकारवालाहरूसँग निकट रहेर नेपालका सातै प्रदेशमा २७ वटा साझेदार संस्थाहरूमार्फत काम गर्दै आएको छ। वकालत र सशक्तीकरणका अतिरिक्त, लक्षित समुदाय तथा एचआईभीको जोखिममा रहेका समुदायका व्यक्तिहरूका लागि रोकथाम, परीक्षण, उपचार, हेरचाह र सहयोग सेवाहरू प्रदान गर्दै यस संस्था ले नेपालको एचआईभी तथा यौन रोग रोकथाम मा पनि अग्रणी भूमिका निर्वाह गरिरहेको छ।

नेपालमा कानुनी र नीतिगत रुपमा महत्वपुर्ण सुधारहरू भए तापनि धेरै लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूले अझै पनि राजनीतिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिताका लागि विभिन्न चुनौती एवं समस्याहरु सामना गरिरहनु परेको छ। यस समुदायभित्र राजनीतिक साक्षरता, नेतृत्व क्षमता, वकालत गर्ने सीप र नागरिक संलग्नतालाई सुदृढ बनाउनु पर्ने अपरिहार्यतालाई आत्मसात् गर्दै, निल हिरा समाज ले PRIDE परियोजना अन्तर्गत "नेपालमा LGBTIQ+ समुदायको सुरक्षित र अर्थपूर्ण राजनीतिक सहभागिता र प्रतिनिधित्व" सम्बन्धी प्रशिक्षक प्रशिक्षण (TOT) मोड्युल /पाठ्यक्रम/ अध्ययन सामग्री तयार गरेको छ। यो पाठ्यक्रम मानव अधिकार, शासकीय प्रणाली, लोकतान्त्रिक प्रक्रिया, वकालतका रणनीतिहरू र राजनीतिक संलग्नताका बखत अपनाउनुपर्ने सुरक्षा जस्ता विषयहरुको बारेमा बुझाइको दायरा बढाउन एक व्यवहारिक स्रोतको रूपमा उपयोगी सावित हुनेछ भन्ने विश्वास लिएका छौ।

हिमालयन ग्रोथ माइन्ड द्वारा विकास गरिएको मोड्युल को पहिलो मस्यौदा का आधारमा कास्की जिल्लाको पोखरामा २० जना विविध लैंगिक तथा यौनिक पहिचान भएका यस समुदायका ब्यक्तीहरुमाझा पाँच दिने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न गरिएको थियो र त्यस तालिम पश्चात विभिन्न ब्यक्ति, संस्था बाट आएको सल्लाह, सुझाव बमोजिम यसलाई थप परिस्कृत गरि समुदाय स्तर मा सुरक्षित र अर्थपूर्ण राजनीतिक सहभागिता तथा प्रतिनिधित्व सम्बन्धि तालीम संचालन गर्न र सहभागी हरुलाई अध्ययन सामाग्रीको रुपमा सहयोग पुर्याउन यो पाठ्यक्रम विकास गरिएको हो। यस पाठ्यक्रम ले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु, अभियान्ता, मानव अधिकार रक्षक र संस्थाहरूलाई निर्णय प्रक्रियामा आत्मविश्वासका साथ प्रभावकारी रूपमा सहभागी हुन र अझ बढी समावेशी, प्रतिनिधित्व मूलक एवं लोकतान्त्रिक नेपाल निर्माणमा योगदान पुर्याउन सक्षम बनाउनेछ भन्ने आशा ब्यक्त गर्दछौ।

मनिषा ढकाल
कार्यकारी निर्देशक
निल हिरा समाज

# हार्दिक आभार

नेपालमा लैंगिक तथा यौनिक अल्पसंख्यक  समुदायको सुरक्षित र अर्थपूर्ण राजनीतिक सहभागिता तथा प्रतिनिधित्वसम्बन्धी यस 'प्रशिक्षण अध्ययन सामग्री' को विकासमा अमूल्य योगदान पुर्याउनुहुने सम्पूर्ण व्यक्ति तथा संस्थाहरूप्रति निल हिरा समाज हार्दिक आभार प्रकट गर्दछ। प्राइड परियोजनामार्फत आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनुहुने युरोपेली संघ र ड्यान चर्च एड नेपाल प्रति पनि हामी गहिरो कृतज्ञता व्यक्त गर्दछौँ। मानव अधिकार, समावेशीकरण, लोकतान्त्रिक सहभागिता र सामाजिक न्यायको प्रवर्द्धनप्रति उहाँहरूको प्रतिबद्धताले  नेपालमा यस समुदायको अर्थपूर्ण राजनीतिक सहभागिता र प्रतिनिधित्वका अवसरहरूलाई अगाडि बढाउन अत्यन्तै महत्त्वपूर्ण साबित भएको छ।

यस मोड्युलको  निर्माणलाई ठोस आकार दिन विभिन्न कोणबाट मार्गदर्शन र सहयोग गर्नुहुने  निल हिरा समाजको उच्च-स्तरिय व्यवस्थापन समीतीलाई पनि धन्यवाद ज्ञापन गर्दछौ। साथै, आफ्नो  जीवनका वास्तविक भोगाइ र  सुझावहरूमार्फत यस पाठ्यक्रमको विषयवस्तु र व्यावहारिक सान्दर्भिकता लाई अझ समृद्ध बनाइदिनु हुने LGBTIQ+ अभियन्ता, समुदायका व्यक्तिहरु तथा मानव अधिकार रक्षकहरूप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ। त्यस्तै यस मोड्युल तयार पार्ने क्रम मा सुरुको अवस्थादेखि अन्तिम अवस्थासम्म विभिन्न सुझाव, सल्लाह प्रदान गर्नुहुने ड्यान चर्च एड का कार्यक्रम व्यवस्थापक  सूर्या कुमारी सुनार, परियोजना अधिकृत  मनिला न्यौपाने, निल हिरा समाजका कार्यक्रम व्यवस्थापक  परशुराम चौधरी र यो पाठ्यक्रम को लेखनको लागी निल हिरा समाजका कार्यक्रम संयोजक टिकाराम भुसाललाई पनि विशेष धन्यवाद दिन चाहन्छौ। यसका साथै, यस प्रशिक्षण मोड्युलको मूल रूपरेखा तयार गरि दिएकोमा हिमालयन ग्रोथ माइन्ड्स लाई विशेष धन्यवाद दिन चाहन्छौ । यो विस्तृत प्रशिक्षण निर्देशिका सोही जगमा आधारित भएर तयार पारिएको हो र यसमा नेपाली परिवेश सुहाउँदो विस्तृत सिकाइ सामग्री, मानव अधिकारका खाका, राजनीतिक साक्षरताका अवधारणा तथा अध्ययन सामाग्री समावेश गरी यसलाई थप परिमार्जन तथा विस्तृतीकरण गरिएको छ।

यस पाठ्यक्रमको  समीक्षा र परिमार्जन प्रक्रियाका क्रममा रचनात्मक प्रतिक्रिया र प्राविधिक सलाह, सुझाव उपलब्ध गराउनुहुने सम्पूर्ण व्यक्तित्वहरु प्रति पनि हामी समान रूपमा आभारी छौँ। उहाँहरूको विशेषज्ञता र प्रतिबद्धताले यस पाठ्यक्रमको  गुणस्तर र उपयोगितालाई उल्लेखनीय रूपमा सुदृढ बनाएको छ। यो पाठ्यक्रमले लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्ति र संस्थाहरूलाई राजनीतिक तथा सार्वजनिक जीवनमा सुरक्षित, आत्मविश्वासका साथ र अर्थपूर्ण रूपमा सहभागी हुन सशक्त बनाउने एउटा व्यावहारिक स्रोतको रूपमा काम गर्नेछ र नेपालमा अझ बढी समावेशी, समतामूलक र प्रतिनिधित्व मूलक लोकतन्त्रको सुदृढीकरणमा योगदान पुर्याउने भन्ने  विश्वास हामीले लिएका छौँ।

# अध्ययन सामग्री को परिचय

## पृष्ठभूमि

लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार सुनिश्चित गर्ने सवालमा नेपालले उल्लेखनीय प्रगति गरेको छ। अदालतका ऐतिहासिक फैसलाहरू, नेपालको संविधानको धारा १२ अन्तर्गत लैंगिक पहिचान को कानुनी मान्यता, धारा १८ अन्तर्गत समानताको संवैधानिक अधिकार, र धारा ४२ बमोजिम सामाजिक न्याय को हकले नेपाललाई दक्षिण एसियामै LGBTIQ+ समुदायको अधिकार प्रवर्द्धन गर्ने अग्रणी मुलुकका रूपमा स्थापित गरेका छन्। यति धेरै उपलब्धिहरूका बाबजुद, अझै पनि धेरै LGBTIQ+ व्यक्तिहरूले सामाजिक लाञ्छना, भेदभाव र बहिष्करण भोग्नु परिरहेको छ, जसले गर्दा उनीहरूको राजनीतिक तथा सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिताको मार्गमा विभिन्न चुनौतीहरु खडा भएका छन्।

राजनीतिक सहभागिता एक आधारभूत मानव अधिकार हुनुका साथै समावेशी लोकतन्त्रको अनिवार्य विषय पनि हो। तथापि, नेपालमा LGBTIQ+ समुदायको राजनीतिक दल, सरकारी निकाय, निर्णय प्रक्रिया, र स्थानीय, प्रादेशिक एवं संघिय तहका नेतृत्वदायी पदहरूमा अझै पनि न्यून प्रतिनिधित्व छ। सीमित राजनीतिक साक्षरता, नेतृत्वको अवसरमा पहुँचको कमी, सुरक्षासम्बन्धी जोखिम, सामाजिक लाञ्छना तथा भेदभाव, र शासकीय एवं राजनीतिक प्रक्रियाबारे अपर्याप्त ज्ञान र बुझाइका कारण उनीहरूको पूर्ण र प्रभावकारी सहभागितामा प्रायः चुनौती खडा हुने गरेको छ।

यी चुनौतीहरूलाई मध्यनजर गर्दै, निल हिरा समाजले  ले प्राइड परियोजना अन्तर्गत 'नेपालमा LGBTIQ+ समुदायको सुरक्षित र अर्थपूर्ण राजनीतिक सहभागिता तथा प्रतिनिधित्व' सम्बन्धी यो प्रशिक्षक प्रशिक्षण मोड्युल तयार पारेको हो। यस मोड्युल /पाठ्यक्रम/ अध्ययन सामग्री को  मुख्य उद्देश्य मानव अधिकार, शासन व्यवस्था, राजनीतिक साक्षरता, पैरवी/वकालत, नेतृत्व, र सुरक्षा तथा संरक्षणसम्बन्धी ज्ञानलाई सुदृढ बनाउनु हो। साथै, LGBTIQ+ व्यक्ति तथा संस्थाहरूलाई लोकतान्त्रिक प्रक्रियाहरूमा प्रभावकारी रूपमा सहभागी हुन र अझ बढी समावेशी एवं प्रतिनिधित्वमूलक समाज निर्माणमा योगदान पुर्याउन आवश्यक सीप र आत्मविश्वासले अगाडि बढाउनु यसको उदेश्य रहेको छ।

यो अध्ययन सामग्री निल हिरा समाज द्वारा 'प्राइड' (PRIDE) परियोजना अन्तर्गत सुदूरपश्चिम, लुम्बिनी, बागमती र मधेश प्रदेशमा सञ्चालन गरिने राजनीतिक साक्षरता सम्बन्धी तालिमका सहभागीहरूलाई विभिन्न विषयहरू सहज रूपमा बुझ्न र बुझाउनका लागि तयार पारिएको हो। यस मोड्युलमा सत्रको उदेश्य ,शिक्षण सिकाइ विधि, आवश्यक शैक्षिक सामग्री, प्रत्येक सत्रको समयावधि, क्रियाकलाप र सहजकर्ताका लागि सुझाव जस्ता प्राविधिक कुराहरू समावेश गरिएका छैनन्, बरु **विषयवस्तुको बुझाइ र अध्ययनलाई मात्र केन्द्रित गरी** केवल अध्ययन सामग्रीको रूपमा यो मोड्युल तयार गरिएको छ।

## प्रशिक्षण मोड्युलका उद्देश्यहरू

यस मोड्युलका उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- स्थानीय स्तरमा सिकाइ तथा सचेतनामूलक गतिविधिहरू सञ्चालन गर्न सहजकर्ता र समुदायका अगुवाहरूको क्षमता विकास गर्नु र समुदायका ब्यक्तीहरुलाई राजनीतिक सहभागीता र प्रतिनिधित्व सम्बन्धि विषयमा कुराकानी गर्न सहयोग पुग्ने अध्ययन सामाग्री तयार पार्नु।
- लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायमा मानव अधिकार, राजनीतिक साक्षरता र लोकतान्त्रिक सहभागितासम्बन्धी बुझाइ अभिवृद्धि गर्नु।
- नेपालमा LGBTIQ+ व्यक्तिहरूको अधिकारसँग सम्बन्धित संवैधानिक, कानुनी व्यवस्थाहरूबारे सचेतना जगाउनु।
- वकालत, नेतृत्व, नागरिक संलग्नता र राजनीतिक सहभागितासम्बन्धी सीपहरू सुदृढ बनाउनु।
- राजनीतिक तथा सार्वजनिक निर्णय प्रक्रियाहरूमा सुरक्षित, अर्थपूर्ण र समावेशी सहभागिता प्रवर्द्धन गर्नु।
- लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय लाइ नेपालमा बिद्धयमान चुनाबी प्रकृयाको बारेमा जानकारी प्रदान गर्ने ।

## अपेक्षित सिकाई उपलब्धिहरू

यो प्रशिक्षण सफलतापूर्वक पूरा गरेपछि सहभागीहरू निम्न कार्य गर्न सक्षम हुनेछन्:

- मानव अधिकारका प्रमुख सिद्धान्त, राजनीतिक साक्षरताका अवधारणा र शासकीय प्रणालीहरू बुझ्न।
- नेपालमा LGBTIQ+ अधिकार र राजनीतिक सहभागितासँग सम्बन्धित कानुनी तथा नीतिगत खाकाहरूको व्याख्या गर्न।
- अर्थपूर्ण राजनीतिक सहभागिता र प्रतिनिधित्वका अवसर एवं अवरोधहरू पहिचान गर्न।
- पैरवी /वकालत , नेतृत्व, सञ्चार र नागरिक संलग्नतासम्बन्धी सीपहरू व्यवहारमा उतार्न।
- राजनीतिक तथा सार्वजनिक संलग्नताका क्रममा सुरक्षा, संरक्षण र जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्न।
- सहभागितामूलक विधिहरूको प्रयोग गरी समुदाय स्तरमा सिकाइ र सचेतनामूलक गतिविधिहरूको सहजकीकरण गर्न।
- नेपालमा संचालन हुने चुनावी प्रकियाका बारेमा जानकार भइ सुरक्षित र अर्थपूर्ण मतदान एवं राजनीतिक सहभागिता र प्रतिनिधित्वको लागि उतप्रेररित हुनेछन् ।

## लक्षित समुदाय

यो तालिम मोड्युल मुख्यतया लैङ्गिक तथा यौनिक अल्पसंख्यक अधिकारकर्मी,सहजकर्ताहरू, प्रदेशस्तर मा प्राईड परियोजना अन्तर्गत संचालन हुने राजनीतिक साक्षरतासम्बंधी तालीममा सहभागी हुने यस समुदायका ब्यक्तीहरु, LGBTIQ+ नेतृत्वका संघसंस्था एवं सञ्जालका प्रतिनिधि तथा यसै समुदायबाट उदाउँदै गरेका राजनीतिक नेतृत्वका लागि तयार पारिएको हो। साथै, नेपालमा मानव अधिकार, समावेशी शासन, अर्थपूर्ण राजनीतिक सहभागिता र LGBTIQ+ समुदायको समतामूलक प्रतिनिधित्वको प्रवर्द्धनमा क्रियाशील सहजकर्ता, सामुदायिक परिचालनकर्ता र पैरवीकर्ताहरू का लागि समेत यो अध्ययन सामग्री उपयोगी हुने गरी तयार गरिएको छ।

## तालिम सञ्चालनका दृष्टिकोण तथा पद्धतीहरू

यस तालिम पाठ्यक्रम मा देहायका विधिहरू अवलम्बन गरिएको छ:

- **मानव अधिकारमा आधारित दृष्टिकोण (Human Rights-Based Approach-HRBA):** तालिमका विषयवस्तुले मानव अधिकारका सिद्धान्त, समानता, सहभागिता, उत्तरदायित्व र गैर-विभेदलाई प्रवर्द्धन गर्ने कुरा सुनिश्चित गर्दछ।
- **सहभागितामूलक सिकाई विधी (Participatory Learning Approach):** सहभागीहरूबीच सक्रिय संलग्नता र सहभागीता, अनुभव आदानप्रदान, आत्मसमीक्षा र सामूहिक सिकाईलाई प्रोत्साहन गर्दछ।
- **वयस्क सिकाई पद्धति (Adult Learning Methodology):** सहभागीहरूको पूर्वज्ञान तथा अनुभवलाई कदर गर्दै व्यावहारिक एवं प्रयोगात्मक सिकाईलाई बढावा दिन्छ।
- **हानि-नोक्सानी न्यूनीकरण विधी (Do-No-Harm Approach):** तालिमका क्रियाकलापहरूले जोखिमलाई न्यूनीकरण गर्ने र सहभागी वा समुदायमा पर्न सक्ने अप्रत्याशित नकारात्मक असरलाई रोक्ने कुरा सुनिश्चित गर्दछ।
- **अन्तर-सम्बन्धित विधी (Intersectional Approach):** सहभागीहरूको विविध पहिचान र अनुभवलाई आत्मसात गर्दै विभेद तथा बहिष्करणका बहुआयामिक एवं अन्तर्सम्बन्धित पहिचानहरुलाई सम्बोधन गर्दछ।

## अध्ययन सामग्री को प्रयोग कसरी गर्ने ?

यो अध्ययन सामग्री प्रशिक्षक तथा सहजकर्ताहरूलाई मानव अधिकार, राजनीतिक साक्षरता, नेतृत्व विकास, पैरवी एवं लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको सुरक्षित राजनीतिक सहभागिताका सवालमा सहभागितामूलक सिकाइ सत्रहरू सञ्चालन गर्न र तालिममा सहभागी हुने समुदायका ब्यक्तीहरुलाई स्रोत सामाग्रीको रुपमा सहयोग पुर्‍याउने उद्देश्यले तयार पारिएको हो। यसमा समावेश गरिएको अध्ययन सामाग्रीहरुलाई तालिमको सन्दर्भ, सहभागीहरूको आवश्यकता र उपलब्ध समय अनुकूल हुने गरी परिमार्जन गर्न सकिनेछ। सहजकर्ताहरूलाई सक्रिय सहभागिता र अनुभव आदानप्रदानलाई प्रोत्साहन गर्ने खालको समावेशी, आदरपूर्ण र अन्तर्क्रियात्मक सिकाइको वातावरण सिर्जना गर्न पनि अनुरोध गरिन्छ।

## तालिमको संरचना (Training Structure)

यस मोड्युल/ अध्ययन सामग्री लाई

१.मानव अधिकार
२.नेपालमा संवैधानिक अधिकार, शासकीय व्यवस्था तथा राजनीतिक सहभागिता, र निर्वाचन प्रणाली
३.राजनीतिक सहभागिता, र नागरिक स्थान (Civic Space)
४.अर्थपूर्ण राजनीतिक सहभागिता र प्रतिनिधित्व
५.पैरवी र अभियान सञ्चाल, सुरक्षा, संरक्षण तथा गठबन्धन र साझेदारी निर्माण

जस्ता विषयवस्तु समेटी पाँच वटा मोड्युल समावेश गरिएको छ जसअन्तर्गत मानव अधिकार र राजनीतिक साक्षरता, शासन प्रणाली, पैरवी, नेतृत्व विकास, डिजिटल तथा सामाजिक संजाल अभियान र संलग्नता, सुरक्षा र संरक्षण जस्ता विषयवस्तु समेटिएका विभिन्न १० वटा सत्रहरूमा वर्गीकरण गरिएको छ। सहभागितामूलक सिकाइ र यसको व्यावहारिक प्रयोगलाई वढवा दिन प्रत्येक मोड्युलमा संक्षिप्त जानकारी र अध्ययन सामाग्रीहरु समावेश गरिएका छन्।

यो मोड्युल विशेष गरी २० देखि ३० जना सहभागीहरूका लागि ३ दिने राजनीतिक साक्षरता सम्बन्धि तालिम कार्यक्रमलाई लक्षित गरी तयार पारिएको हो। यद्यपि, सहभागीहरूको आवश्यकता, तालिमको उद्देश्य र उपलब्ध समयका आधारमा यी मोड्युल तथा सत्रहरूलाई विभिन्न कार्यशाला, अभिमुखीकरण वा छोटो अवधिको तालिमका रूपमा समेत परिमार्जन गरी सञ्चालन गर्न सकिनेछ र सहभागीहरुले थप अध्ययन को निम्ती हाते सामाग्रेको रुपमा पनि प्रयोग गर्न सक्ने छन्।

## मोड्युल १ः मानव अधिकार
## पहिलो सत्र : स्वागत, परिचय र तालिमको रूपरेखा

यस सत्रको सुरुवातमा सहजकर्ताले सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै तालिमको मुख्य उद्देश्य, कार्यसूची र अपेक्षित उपलब्धिहरूका बारेमा संक्षिप्त जानकारी गराउनु पर्नेछ। त्यसपछि, एक छोटो र रोचक अन्तरक्रियात्मक क्रियाकलाप (icebreaker) मार्फत सहभागीहरूलाई आफ्नो नाम, आबद्ध संस्था, र यस तालिमबाट राखेको एक मुख्य अपेक्षा प्रस्तुत गर्दै संक्षिप्त परिचय दिन अनुरोध गरीने छ ।

सहभागीहरूद्वारा व्यक्त गरिएका अपेक्षाहरूको समीक्षा गर्दै तालिम अवधिभर पारस्परिक सम्मान, गोपनीयता, सक्रिय सहभागिता र समावेशीकरण सुनिश्चित गर्नका लागि सामूहिक सहमति का आधारमा आचारसंहिता वा साझा नियमहरू (Ground Rules) तय गर्नुहोस्। त्यस्तै मुख्य सिकाइ सत्रहरूमा प्रवेश गर्नुअघि, तालिमका विषयवस्तुहरूमा सहभागीहरूको वर्तमान ज्ञान र बुझाइको स्तर मापन गर्नका लागि एक प्रारम्भिक परीक्षा (Pre-test) सञ्चालन गरीने छ ।

## दोस्रो सत्रः मानख अधिकारका आधारभुत अवधारणा तथा अन्तर्राष्ट्रिय संयन्त्रहरु संक्षिप्त जानकारी

यस सत्रले सहभागीहरूलाई मानव अधिकारका आधारभूत अवधारणा र सिद्धान्तहरूका साथै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको जीवनमा ति अवधारणा र सिद्धान्तहरू को सान्दर्भिकताका बारेमा विस्तृत जानकारी गराउनेछ। यस अन्तर्गत मानव अधिकारको परिभाषा र यसका प्रमुख सिद्धान्तहरू जस्तैः मानवीय गरिमा (Dignity), समानता (Equality), गैर-भेदभाव (Non-discrimination), सहभागिता (Participation), जवाफदेहिता (Accountability) र सर्वव्यापकता (Universality) का विषयहरू समेटिनेछन्। यसका साथै, सत्रले प्रमुख अन्तर्राष्ट्रिय मानव अधिकारका खाका (Frameworks) तथा संयन्त्रहरूको रूपरेखा प्रस्तुत गर्नेछ, जसमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR), महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), बाल अधिकार सम्बन्धी महासन्धि (CRC), यातनाविरुद्धको महासन्धि (CAT), अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (CRPD) र योग्याकार्ता सिद्धान्तहरू

(Yogyakarta Principles) समावेश छन्। यी अन्तर्राष्ट्रिय दस्तावेजहरूले विभिन्न यौन अभिमुखीकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति र यौन विशेषता (SOGIESC) भएका व्यक्तिहरूको अधिकारको संरक्षण र प्रवर्द्धन कसरी गर्दछन् भन्नेबारे यस सत्रमा गहन विश्लेषण गरिनेछ।

## अध्ययन सामग्री
## मानव अधिकार भनेको के हो ?

मानव अधिकार भन्नाले प्रत्येक व्यक्तिले मानव भएकै नाताले स्वतः प्राप्त गर्ने आधारभूत र जन्मजात अधिकार तथा स्वतन्त्रताहरूलाई बुझाउँछ। यी अधिकारहरू सर्वव्यापी र अन्तरनिहित हुन्छन्, जुन कुनै पनि व्यक्तिको लिङ्ग, यौन अभिमुखीकरण, लैङ्गिक पहिचान, जातजाति, धर्म, राष्ट्रियता, अपाङ्गता वा अन्य कुनै पनि पहिचान को कारण बिना भेदभाव सबैका लागि समान रूपमा लागू हुन्छन्। मानव अधिकारले मानवीय गरिमाको संरक्षण गर्दछ र सबै व्यक्तिहरू स्वतन्त्रता, समानता, न्याय र सम्मानका साथ बाँच्न पाउने कुरा सुनिश्चित गर्दछ।



## अन्तर्राष्ट्रिय मानव अधिकारका खाकाहरू (International Human Rights Frameworks)

अन्तर्राष्ट्रिय मानव अधिकारका खाकाहरू भन्नाले सम्पूर्ण मानवको अधिकार र गरिमाको प्रवर्द्धन तथा संरक्षणका लागि अन्तर्राष्ट्रिय समुदायद्वारा विकसित गरिएका सम्झौता, सन्धि, महासन्धि र मापदण्डहरूलाई बुझाउँछ। यी दस्तावेजहरूलाई अनुमोदन (Ratify) गर्ने राज्यहरूले बिना कुनै भेदभाव मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन्छन्। यी खाकाहरूले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक/ LGBTIQ+ समुदाय लगायत सिमान्तकृत समुदायहरुको समानता, समावेशीकरण, सहभागिता र न्यायको प्रवर्द्धनका लागि महत्त्वपूर्ण औजारका रूपमा काम गर्दछन्। यी दस्तावेजहरु निम्नानुसार रहेका छन्:

## १. मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights-UDHR 1948

मानव अधिकारको विश्वव्यापी घोषणापत्र अन्तर्राष्ट्रिय मानव अधिकार प्रणालीको मेरुदण्ड हो। संयुक्त राष्ट्र संघद्वारा सन् १९४८ मा अपनाइएको यस घोषणापत्रले सबै मानवहरू स्वतन्त्र रूपमा जन्मिन्छन् र तिनको गरिमा एवं अधिकार समान हुन्छ भन्ने कुरालाई स्वीकार गर्दछ। कानुनी रूपमा बाध्यकारी नभए तापनि, UDHR ले संसारभरका अनगिन्ती अन्तर्राष्ट्रिय सन्धिहरू, राष्ट्रिय संविधानहरू र मानव अधिकार सम्बन्धि कानुनहरूलाई प्रेरित गरेको छ।

**LGBTIQ+ समुदायका लागि केन्द्रित विषय:** समानता, गैर-भेदभाव, मानवीय गरिमा, अभिव्यक्ति स्वतन्त्रता, सहभागिता लगायत का सिद्दान्तहरुले LGBTIQ+ ब्यक्तीहरुको सामाजिक न्याय र मानव अधिकार सुनिश्चित गर्न बलियो आधार दिन्छन।

**२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (International Covenant on Civil and Political Rights- ICCPR 1966)**

ICCPR एक कानुनी रूपमा बाध्यकारी सन्धि हो जसले आधारभूत नागरिक तथा राजनीतिक अधिकारहरूको संरक्षण गर्दछ। यसले अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, संगठन खोल्ने स्वतन्त्रता, सार्वजनिक मामिलामा सहभागिता, कानुनको नजरमा समानता, र स्वेच्छाचारी हस्तक्षेप तथा भेदभाव विरुद्धको संरक्षण जस्ता अधिकारहरूको ग्यारेन्टी गर्दछ। नेपालले सन् १९९१ मा यस प्रतिज्ञापत्रलाई अनुमोदन गरेको थियो।

**LGBTIQ+ समुदायका लागि केन्द्रित विषय:** अभिव्यक्ति र संगठित हुने स्वतन्त्रता, सार्वजनिक मामिलामा सहभागिता, भेदभाव विरुद्धको संरक्षण, तथा मतदान गर्ने र निर्वाचित हुन पाउने अधिकार जस्ता सिद्वान्तहरुले मानव अधिकार तथा राजनीतिक अधिकार र सहभागीता सुनिस्चित गर्न बलियो आधार दिन्छन।

**३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (International Covenant on Economic, Social and Cultural Rights-ICESCR 1966)**

ICESCR ले प्रत्येक व्यक्तिलाई गरिमापूर्ण (dignified) जीवन यापनका लागि आवश्यक पर्ने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू उपभोग गर्न पाउने अधिकारलाई स्वीकार गर्दछ। यस अन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, आवास र उपयुक्त जीवनस्तरको अधिकार पर्दछन्। राज्यले बिना कुनै भेदभाव सबै व्यक्तिहरूका लागि यी अधिकारहरूको क्रमिक रूपमा सुनिश्चितता गर्ने अपेक्षा यस सन्धि मार्फत गरिएको छ।

**LGBTIQ+ समुदायका लागि केन्द्रित विषय:** स्वास्थ्य सेवा, शिक्षा, रोजगारी र सामाजिक सुरक्षामा समान पहुँच, तथा भेदभाव विरुद्धको संरक्षण जस्ता सिद्वान्तहरुले LGBTIQ+ ब्यक्तीहरुको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरुको सुनिश्चितता गर्न बलियो आधार दिन्छन।

**४. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All Forms of Discrimination Against Women- CEDAW 1979)**

CEDAW लाई प्रायः महिला अधिकारको अन्तर्राष्ट्रिय विधेयक (Bill of Rights) भनिन्छ। यसले राज्यहरूलाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक जीवनमा महिलाहरूमाथि हुने भेदभाव उन्मूलन गर्न निर्देश गर्दछ। पछिल्ला वर्षहरूमा, CEDAW ले विभिन्न स्वरूपका अन्तरसम्बन्धित (Intersectional) भेदभावहरूको सामना गरिरहेका महिलाहरू र लैङ्गिक-विविधता भएका व्यक्तिहरूको फरक-फरक अनुभवहरूलाई बढ्दो रूपमा आत्मसात् गर्दै आएको छ।

**LGBTIQ+ समुदायका लागि केन्द्रित विषय:** लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरूलाई कुनै पनि आधारमा हुने भेदभाव र हिंसाबाट संरक्षण जस्ता सिद्वान्तहरुले LGBTIQ ब्यक्तीहरुमाथी हुने सबै प्रकारका भेदभावहरुको अन्त्य गर्न बलियो आधार दिन्छन।

**५. बाल अधिकारसम्बन्धी महासन्धि (Convention on the Rights of the Child- CRC 1989)**

CRC ले १८ वर्ष मुनिका बालबालिका र किशोरकिशोरीहरूको अधिकार र कल्याणको रक्षाका लागि व्यापक मापदण्डहरू निर्धारण गर्दछ। यसले बालबालिकाको सर्वोत्तम हित (Best interests of the child), गैर-भेदभाव, सहभागिता, संरक्षण र विकासमा जोड दिन्छ। राज्यले सबै बालबालिकाहरूले आफ्ना अधिकारहरू समान र सुरक्षित रूपमा उपभोग गर्न पाउने वातावरण सुनिश्चित गर्नुपर्ने प्रावधान CRC मा राखिएको छ।

**LGBTIQ+ समुदायका लागि केन्द्रित विषय:** LGBTIQ+ बालबालिका तथा युवाहरूलाई दुर्व्यवहार, हिंसा, भेदभाव, बहिष्करण र हानिकारक अभ्यासहरूबाट संरक्षण गर्न यो महासन्धिले महत्वपुर्ण भूमिका खेल्न सक्दछ।

### ६. यातनाविरुद्धको महासन्धि (Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment-CAT 1984)

यातनाविरुद्धको महासन्धिले यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका सबै स्वरूपहरूलाई निषेध गर्दछ। यसले राज्यहरूलाई यातना रोक्न, आरोपहरूको अनुसन्धान गर्न र उल्लंघनकर्ताहरूलाई जवाफदेही बनाउन निर्देशित गर्दछ। यो महासन्धि बिना कुनै अपवाद सबै व्यक्तिहरूमा लागू हुन्छ।

**LGBTIQ+ समुदायका लागि केन्द्रित विषय:** हिंसा, दुर्व्यवहार, स्वेच्छाचारी नजरबन्द (Arbitrary detention), रूपान्तरण अभ्यास (Conversion practices - यौनिक र लैङ्गिक पहिचान परिवर्तन गराउने भ्रामक प्रयासहरू) र अन्य अमानवीय व्यवहारहरूबाट संरक्षण महत्वपुर्ण भूमिका खेल्न सक्दछ।

### ७. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (Convention on the Rights of Persons with Disabilities-CRPD 2006)

CRPD एक ऐतिहासिक अन्तर्राष्ट्रिय सम्झौता हो, जसले अपाङ्गतालाई दया वा चिकित्साको दृष्टिकोणबाट नहेरी मानव अधिकारको दृष्टिकोणबाट हेर्नुपर्ने मान्यता राख्दछ। सन् २००६ मा पारित यस महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत गरिमा, आत्मनिर्णयको अधिकार, पहुँचयोग्यता (Accessibility), समावेशीकरण र समाजमा अर्थपूर्ण सहभागिताको वकालत गर्दछ। यसले विशेष गरी महिला, युवा तथा अल्पसंख्यक समुदायका अपाङ्गता भएका व्यक्तिहरूले भोग्नुपर्ने बहुआयामिक एवं अन्तर-सम्बन्धित विभेदहरूलाई सम्बोधन गर्दै हाम्रो लागि हामी बिना केही पनि हुन सक्दैन (Nothing About Us Without Us) भन्ने मूल नाराका साथ नीति निर्माण र निर्णय प्रक्रियामा उनीहरूको नेतृत्वदायी प्रतिनिधित्व हुनुपर्ने कुरा सुनिश्चित गर्दछ।

**LGBTIQ+ समुदायका लागि केन्द्रित विषय:** बहुआयामिक र अन्तरसम्बन्धित भेदभावको सामना गरिरहेका अपाङ्गता भएका LGBTIQ+ व्यक्तिहरूको संरक्षण र समावेशीकरण संरक्षण गर्न यो महासन्धिले महत्वपुर्ण भूमिका खेल्न सक्दछ।

### ८. योग्याकार्ता सिद्धान्तहरू (Yogyakarta Principles - 2006) र YP+10-2017

योग्याकार्ता सिद्धान्तहरू अन्तर्राष्ट्रिय मानव अधिकारका सिद्धान्तहरूको एउटा स्थापित समूह हो, जसले विद्यमान मानव अधिकारसम्बन्धी कानुनहरू यौन अभिमुखीकरण र लैङ्गिक पहिचान का सवालहरूमा

कसरी लागू हुन्छन् भन्ने कुराको व्याख्या गर्दछ। यी सिद्धान्तहरू सन् २००६ मा इन्डोनेसियाको योग्याकार्तामा अन्तर्राष्ट्रिय मानव अधिकार विज्ञहरूको एउटा समूहद्वारा तयार पारिएका थिए। यी सिद्धान्तहरूले कुनै नयाँ अधिकारहरू सिर्जना गर्दैनन् तर यिनले अन्तर्राष्ट्रिय कानुन अन्तर्गत पहिल्यैदेखि स्थापित अधिकारहरूको व्याख्या र कार्यान्वयन कसरी गरिनुपर्छ भन्ने कुरालाई स्पष्ट पार्छन्, ताकि LGBTIQ+ व्यक्तिहरूले ती अधिकारहरूको पूर्ण र समान रूपमा उपभोग गर्न सक्ने वातावरण सिर्जना होस्।

## मुख्य सिद्धान्तहरू (सिद्धान्त १ देखि २९ सम्म)

- सिद्धान्त १: विश्वव्यापी मानवअधिकारको उपभोग गर्न पाउने अधिकार
- सिद्धान्त २: समानता रभेदभाव विरुद्द को अधिकार
- सिद्धान्त ३: कानुनको नजरमा मान्यता (पहिचान ) को अधिकार
- सिद्धान्त ४: जीवनको अधिकार (बाँच्न पाउने अधिकार)
- सिद्धान्त ५: व्यक्तिगत सुरक्षाको अधिकार
- सिद्धान्त ६: गोपनीयताको अधिकार
- सिद्धान्त ७: स्वेच्छाचारी ढंगले स्वतन्त्रता खोस्ने विरुद्दको अधिकार
- सिद्धान्त ८: निष्पक्ष सुनुवाईको अधिकार
- सिद्धान्त ९: हिरासत वा थुनामा/नजरबन्दमा रहँदा मानवीय व्यवहार पाउने अधिकार
- सिद्धान्त १०: यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको अधिकार
- सिद्धान्त ११: मानव बेचबिखन, ओसारपसार र सबै प्रकारका शोषणबाट संरक्षणको अधिकार
- सिद्धान्त १२: रोजगारी/कामको अधिकार
- सिद्धान्त १३: सामाजिक सुरक्षा र अन्य सामाजिक संरक्षणका उपायहरूको अधिकार
- सिद्धान्त १४: स्तरीय जीवन बाँच्न पाउने अधिकार
- सिद्धान्त १५: प्रयाप्त आवासको अधिकार
- सिद्धान्त १६: शिक्षाको अधिकार
- सिद्धान्त १७:  स्वास्थ्यको अधिकार
- सिद्धान्त १८: स्वास्थ्यागत दुर्व्यवहारबाट संरक्षणको अधिकार
- सिद्धान्त १९: विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार
- सिद्धान्त २०: शान्तिपूर्ण भेला र संघसंस्था/सङ्गठन खोल्न पाउने स्वतन्त्रताको अधिकार
- सिद्धान्त २१: धर्म नैतिकता र आदर्शको स्वतन्त्रता प्राप्तीको अधिकार
- सिद्धान्त २२: स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार
- सिद्धान्त २३: शरण खोज्न पाउने(शरणार्थी हुन पाउने) अधिकार
- सिद्धान्त २४: परिवार स्थापना गर्न पाउने अधिकार
- सिद्धान्त २५: सार्वजनिक जीवनमा सहभागी हुन पाउने अधिकार
- सिद्धान्त २६: सांस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार
- सिद्धान्त २७: मानव अधिकारको प्रवर्द्धन गर्ने अधिकार
- सिद्धान्त २८: प्रभावकारी उपचार र सम्बोधन को अधिकार
- सिद्धान्त २९: जवाफदेहिता

**योग्याकार्ता सिद्धान्त + १० (Yogyakarta Principles + 10)**

सन् २०१७ मा, यी सिद्धान्तहरूलाई थप परिमार्जन र विस्तार गरियो, जसलाई 'योग्याकार्ता सिद्धान्त प्लस १०' भनेर चिनिन्छ। यसले लैङ्गिक अभिव्यक्ति, यौन विशेषताहरू, डिजिटल क्षेत्र र बहिष्करण तथा हिंसाका नयाँ स्वरूपहरू जस्ता उदीयमान सवालहरूलाई सम्बोधन गरेको छ। थप गरिएका सिद्दान्तहरु निम्नानुसार रहेका छन्:

- सिद्धान्त ३०: राज्यबाट संरक्षण पाउने अधिकार
- सिद्धान्त ३१: कानुनी मान्यता पाउने अधिकार
- सिद्धान्त ३२: शारीरिक र मानसिक सम्पुर्णताको अधिकार
- सिद्धान्त ३३: यौन अभिमुखीकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति वा यौन विशेषताका आधारमा अपराधीकरण र दण्ड सजायबाट स्वतंत्र रहने अधिकार
- सिद्धान्त ३४: गरिबीबाट सुरक्षित रहन पाउने अधिकार
- सिद्धान्त ३५: स्वास्थ्य रक्षा सम्बन्धि अधिकार
- सिद्धान्त ३६: सूचना तथा सञ्चार प्रविधिका सन्दर्भमा मानव अधिकार उपभोगको अधिकार
- सिद्धान्त ३७: सत्यताको अधिकार (वास्तविकता थाहा पाउने अधिकार)
- सिद्धान्त ३८: अभ्यास , सुरक्षा, र सांस्कृतिक विविधतालाई जोगाएर प्रचलनमा ल्याउने अधिकार

## मानव अधिकार संयन्त्रहरू (Human Rights Mechanism)

मानव अधिकार संयन्त्रहरू भन्नाले मानव अधिकारको अनुगमन, प्रवर्द्धन र संरक्षण गर्न तथा सरकारहरू/ राज्यहरुले अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धि कानुन अन्तर्गत आफ्ना दायित्वहरू पूरा गरे-नगरेको सुनिश्चित गर्न स्थापित गरिएका संस्थाहरू र प्रक्रियाहरूलाई बुझाउँछ। यी संयन्त्रहरूले व्यक्ति, समुदाय र नागरिक समाजका संस्थाहरूलाई आफ्ना सरोकारहरू उठाउन, उल्लंघनका घटनाहरूको प्रतिवेदन पेस (रिपोर्ट) गर्न र जवाफदेहिता माग गर्न उचित अवसरहरू प्रदान गर्दछन्।

प्रमुख मानव अधिकार संयन्त्रहरूमा निम्न पर्दछन्:

- **संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद् (UNHRC):** विश्वभर मानव अधिकारको प्रवर्द्धन र संरक्षणका लागि जिम्मेवार संयुक्त राष्ट्र संघको मुख्य अन्तरसरकारी निकाय।
- **विश्वव्यापी आवधिक समीक्षा (UPR):** यो एउटा यस्तो प्रक्रिया (Peer-review) हो जसमार्फत संयुक्त राष्ट्र संघका प्रत्येक सदस्य राष्ट्रको मानव अधिकारको अवस्थाको प्रत्यक ५ वर्षमा आवधिक (periodic) समीक्षा गरिन्छ।
- **महासन्धि निगरानी निकायहरू (Treaty Bodies):** यी स्वतन्त्र विज्ञहरूका समितिहरू हुन् जसले राज्यहरूद्वारा ICCPR, ICESCR, CEDAW, CRC, CAT, र CRPD जस्ता प्रमुख अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयनको अवस्था अनुगमन गर्दछन्।
- **विशेष कार्यविधिहरू (Special Procedures):** विशिष्ट मानव अधिकारका सवालहरूमा अनुसन्धान र प्रतिवेदन पेस गर्न संयुक्त राष्ट्र संघको मानव अधिकार परिषद्द्वारा नियुक्त स्वतन्त्र विज्ञहरू, विशेष प्रतिवेदकहरू (Special Rapporteurs) र कार्य समूहहरू (Working Groups) यस अन्तर्गत पर्दछन
- **राष्ट्रिय मानव अधिकार आयोग (NHRC):** नेपालको एक सर्वोच्च संवैधानिक निकाय, जसको मुख्य जिम्मेवारी मुलुकभित्र मानव अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्नु र मानव अधिकार उल्लंघनका उजुरीहरूमाथि स्वतन्त्र अनुसन्धान र छानबिन गर्नु हो।

- महिला आयोग
- दलित आयोग
- आदिवासी जनजाति आयोग
- मधेसी आयोग
- मुस्लिम आयोग
- थारु आयोग
- समावेशी आयोग

यी आयोगहरूले विशेष समूहका अधिकार सुनिश्चित गर्न काम गर्छन्।

**अधिकार उल्लङ्घन सम्बन्धि उजुरी गर्न मिल्ने संयन्त्रहरू (Human Rights Complaint Mechanisms)**

मानव अधिकार उल्लङ्घनबाट पीडित भएका व्यक्ति वा समुदायले न्याय तथा कानुनी उपचारका लागि निम्न माध्यमहरू अवलम्बन गर्न सक्छन्:

- **राष्ट्रिय मानव अधिकार आयोग मा उजुरी दर्ता:** मानव अधिकार उल्लङ्घनका घटनाहरू विरुद्ध आयोगमा औपचारिक उजुरी वा निवेदन दर्ता गराएर।
- **अदालत तथा न्यायिक प्रक्रियामार्फत कानुनी उपचार:** आफ्ना संवैधानिक तथा कानुनी हकहरूको पुनर्बहालीका लागि सम्बन्धित अदालतहरूमा मुद्दा दायर गरेर ।
- **सम्बन्धित सरकारी निकायहरूमा प्रतिवेदन पेस:** मानव अधिकारको संरक्षण र कार्यान्वयनका लागि जिम्मेवार सरकारी निकायहरुलाई उल्लङ्घनका घटनाहरूका बारेमा आधिकारिक रूपमा जानकारी गराएर।
- **संयुक्त राष्ट्र सङ्घीय संयन्त्रहरूमा सूचना तथा प्रतिवेदन पेस:** नागरिक समाजका संस्थाहरू (CSOs) मार्फत संयुक्त राष्ट्र सङ्घका महासन्धि निगरानी निकायहरू (Treaty Bodies), विशेष कार्यविधिहरू (Special Procedures) र विश्वव्यापी आवधिक समीक्षा (UPR) प्रक्रियामा आवश्यक जानकारी तथा छायाँ प्रतिवेदनहरू (shadow report) बुझाएर।
- **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार वकालत संयन्त्रहरूसँग समन्वय:** पीडितको न्याय सुनिश्चित गर्न र दोषीलाई जवाफदेही बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अधिकारवादी ठाउहरु / मञ्च एवं पैरवी अभियानहरूमा सक्रिय रूपमा संलग्न भएर।

## मोड्युल २: नेपालमा संवैधानिक अधिकार, शासकीय स्वरूप तथा राजनैतिक सहभागीता

### संक्षिप्त जानकारी

यस मोड्युलले सहभागीहरूलाई नेपालको संवैधानिक संरचना, शासकीय स्वरूप र राजनीतिक प्रणालीका बारेमा जानकारी गराउनेछ। यस अन्तर्गत नेपालको संविधानद्वारा सुनिश्चित गरिएका मौलिक हक र संरक्षणहरू, विशेष गरी लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायसँग सान्दर्भिक प्रावधानहरूको चर्चा गरिनुका साथै ती अधिकारहरूलाई व्यवहारमा रूपान्तरण गर्नको निम्ती देखा परेका चुनौतीहरूको समीक्षा गरिनेछ। यसका साथै, मोड्युलले नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था, सरकारी

निकायहरूको भूमिका तथा कार्यक्षेत्र, र नीति निर्माण एवं निर्णय प्रक्रियामा नागरिक र समुदायको संलग्नताका अवसरहरूको रूपरेखा प्रस्तुत गर्नेछ। कानुनी संरचना र शासकीय प्रणाली दुवैको गहिरो बुझाइमार्फत सहभागीहरू आफ्ना अधिकारका लागि पैरवी /वकालत गर्न र सार्वजनिक तथा राजनीतिक जीवनमा अर्थपूर्ण रूपमा सहभागी हुन अझ बढी सक्षम हुनेछन्।

## पहिलो सत्र: संवैधानिक अधिकार र धरातलीय यथार्थ
## संक्षिप्त जानकारी

यस सत्रले सहभागीहरूलाई नेपालमा LGBTIQ+ समुदायका लागि उपलब्ध संवैधानिक तथा कानुनी संरक्षणहरूका बारेमा जानकारी गराउनेछ र कानुनी मान्यता एवं वास्तविक जीवनको भोगाइ बीचको खाडलका बारेमा चर्चा गर्नेछ। सहभागीहरूले समानता, गैर-भेदभाव, पहिचान, समावेशीकरण र सहभागितासँग सम्बन्धित प्रमुख संवैधानिक प्रावधानहरूका बारेमा जानकारी प्राप्त गर्नेछन। साथै, LGBTIQ+ व्यक्तिहरूले व्यवहारमा यी अधिकारहरूको उपभोग गर्दा अझै पनि सामना गरिरहनु परेका चुनौतीहरूका बारेमा सामूहिक आत्मसमीक्षा तथा छलफल समेत गर्नेछन्।

## अध्ययन सामाग्री
## लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय संग सम्बन्धित संवैधानिक अधिकारहरु

### धारा १२: नागरिकता र लैङ्गिक पहिचान

नेपालको संविधानको धारा १२ ले प्रत्येक व्यक्तिलाई आफ्नो लैङ्गिक पहिचान अनुसारको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अधिकार प्रदान गरेको छ। यो प्रावधान कानुनी मान्यताको खोजीमा रहेका तथा सार्वजनिक सेवा, शिक्षा, रोजगारी एवं राजनीतिक सहभागितामा पहुँच बनाउन चाहने पारलैङ्गिक (Transgender) र लैङ्गिक-विविधता भएका व्यक्तिहरूका लागि विशेष रूपमा महत्त्वपूर्ण छ।

### धारा १७(२): अभिव्यक्ति, भेला तथा सङ्गठित हुने स्वतन्त्रता

धारा १७(२) ले विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हतियार शान्तिपूर्ण रूपमा भेला हुने स्वतन्त्रता, र संघ,संस्था खोल्ने स्वतन्त्रता लगायतका आधारभूत स्वतन्त्रताहरूको सुनिश्चितता गर्दछ। यी स्वतन्त्रताहरूले व्यक्ति तथा समुदायलाई बिना कुनै भेदभाव वा प्रतिशोधको डर बिना सङ्गठित हुन, आफ्ना अधिकारका लागि पैरवी गर्न, सार्वजनिक बहसहरूमा भाग लिन र लोकतान्त्रिक प्रक्रियाहरूमा सक्रिय रूपमा संलग्न हुन सक्षम बनाउँछन्।

### धारा १८: समानताको हक

धारा १८ ले कानुनको नजरमा समानता र कानुनको समान संरक्षणको ग्यारेन्टी गर्दै विभिन्न आधारमा हुने भेदभावलाई पूर्ण रूपमा निषेध गर्दछ। यसले विद्यमान विभेदहरूलाई चुनौती दिन तथा LGBTIQ+ समुदाय लगायत सबै व्यक्तिहरूका लागि समान व्यवहार र समान अवसरको प्रवर्द्धन गर्न एउटा बलियो संवैधानिक आधार प्रदान गर्दछ।

### धारा ३८: महिलाको हक र लैङ्गिक समानता

धारा ३८ ले महिलाको अधिकारलाई स्थापित गर्दै राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा लैङ्गिक समानताको प्रवर्द्धन गर्दछ। यी प्रावधानहरूले लैङ्गिक आधारमा हुने भेदभाव र हिंसालाई सम्बोधन गर्न तथा सार्वजनिक जीवनमा महिला एवं लैङ्गिक-विविधता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्ने व्यापक प्रयासहरूमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछन्।

**धारा ४२: सामाजिक न्यायको हक**

धारा ४२ ले सामाजिक, आर्थिक वा लैङ्गिक रूपमा पछि पारिएका सिमान्तकृत समुदायहरु जस्तै लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय का लागि सामाजिक न्याय र समावेशी सहभागिताको अधिकार सुनिश्चित गर्दछ। यसको मुख्य उद्देश्य राज्यका विभिन्न संरचनाहरू र नीतिगत निर्णय प्रक्रियामा यी समुदायको अर्थपूर्ण प्रतिनिधित्व र न्यायोचित सहभागिता सुनिश्चित गर्नु हो।

## नागरीकता, कानुनी पहिचान र मतदाता परिचयपत्र सम्बन्धी समस्याहरू

राज्यका सेवा-सुविधाहरू प्राप्त गर्न तथा नागरिक र राजनीतिक अधिकारहरूको पूर्ण उपभोगका लागि कानुनी पहिचानका दस्ताबेजहरू अपरिहार्य हुन्छन्। यद्यपि, विद्यमान प्रशासनिक झन्झट, प्रक्रियागत अस्पष्टता र नीतिहरूको असमान कार्यान्वयन,विभेदकारी प्रावधान, नितिहरुको अभाव का कारण कतिपय पारलैङ्गिक र लैङ्गिक-विविधता भएका व्यक्तिहरूले अझै पनि आफ्नो पहिचान अनुसारको नागरिकता प्रमाणपत्र प्राप्त गर्न, कागजातहरू सच्याउन र मतदाता नामावलीमा नाम दर्ता गराउन ठूला कठिनाइहरूको सामना गरिरहनु परेको छ।



## संवैधानिक अधिकार र धरातलीय यथार्थ

नेपालले लैंगिक तथा यौनिक अल्पसङ्ख्यकहरूको अधिकारलाई कानुनी मान्यता दिने सवालमा अन्तर्राष्ट्रिय स्तरमै उल्लेखनीय प्रगति गरेको भए तापनि, यस समुदायका धेरै व्यक्तिहरू अझै पनि आफ्ना अधिकारहरूको पूर्ण उपभोग गर्नबाट बञ्चित छन्। सामाजिक लाञ्छना, विभेदकारी दृष्टिकोण, सीमित सचेतना र संस्थागत संवेदनशीलताको कमीका कारण संवैधानिक अधिकारलाई कार्यान्वयन गर्न कानुन को अभावका कारणअक्सर संवैधानिक प्रत्याभूति (कागजी अधिकार) र दैनिक जीवनको वास्तविक भोगाइबीच ठूलो खाडल देखिने गरेको छ।

## लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायले सामना गरिरहेको समस्या र चुनौतीहरू

नेपाली समाजमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक GSM समुदायले सामना गरिरहेका बहुआयामिक चुनौतीहरू केवल व्यक्तिगत समस्या मात्र नभई संरचनागत र प्रणालीगत अवरोधका रूपमा रहेका छन्। पारिवारिक तहबाटै सुरु हुने अस्वीकार र मानसिक तनावका कारण धेरै ब्यक्तीहरू बीचमै पढाइ छाड्न बाध्य हुन्छन्, जसले उनीहरूको वृत्तिविकासको आधार नै कमजोर बनाइदिन्छ। रोजगारीका क्षेत्रमा हुने प्रत्यक्ष वा सुक्ष्म विभेद, र व्यावसायिक दक्षता हुँदाहुँदै पनि पहिचान कै कारण अवसरहरूबाट विमुख

पारिँदा यो समुदाय गम्भीर आर्थिक असुरक्षा र गरिबीको दुष्चक्रमा फस्न पुगेको छ। यसका साथै, स्वास्थ्य संस्था र सरकारी कार्यालय जस्ता सार्वजनिक सेवा प्रदायक निकायहरूमा संवेदनशील पूर्वाधार, उपयुक्त नीति र कर्मचारीहरूमा सचेतनाको अभाव हुँदा उनीहरूले दैनिक रूपमा अपमान र बहिष्करणको सामना गर्नुपरिरहेको छ। राज्यको राजनीतिक एवं नीति निर्माणको सर्वोच्च तहमा अर्थपूर्ण र समानुपातिक प्रतिनिधित्व नहुँदा उनीहरूका सवाल र अधिकारहरू अझै पनि राज्यको मूल प्राथमिकतामा पर्न सकेका छैनन्। यसले गर्दा विद्यमान कानुन र व्यावहारिक कार्यान्वयनबीचको खाडल झन् फराकिलो बन्दै गएको छ।

राजनीतिक तथा निर्वाचन प्रणालीका चुनौतीहरू:

- **अस्पष्ट क्लस्टर प्रणाली:** क्लस्टर प्रणाली र समानुपातिक प्रतिनिधित्वको मौजुदा व्यवस्थामा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको स्पष्ट कानुनी सुनिश्चितता नहुनु।
- **खर्चिलो निर्वाचन प्रणाली:** निर्वाचन प्रक्रिया अत्यधिक खर्चिलो हुनु, जसले गर्दा आर्थिक रूपमा कमजोर यस समुदायका उम्मेदवारहरूको सहभागिता स्वतः सीमित बन्न पुग्नु।
- **दलहरूभित्र न्यून प्रतिनिधित्व:** राजनीतिक दलहरूको नीति, संरचना र नेतृत्वमा समावेशी अभ्यासको कमी हुनुका साथै निर्णय प्रक्रियामा यस समुदायको पहुँच शून्यप्रायः हुनु।
- **उम्मेदवार छनोटमा पूर्वाग्रह:** दलहरूद्वारा उम्मेदवार छनोट गर्ने प्रक्रियामा लैङ्गिक पहिचानका आधारमा विभेद र पूर्वाग्रह कायम रहनु।
- **हिंसा र सामाजिक कलंकको जोखिम:** निर्वाचनका क्रममा उम्मेदवार वा कार्यकर्ताका रूपमा खटिँदा सामाजिक लाञ्छना, भेदभाव र सम्भावित हिंसाको उच्च जोखिम हुनु।
- **क्षमता विकासको अभाव:** राजनीतिक नेतृत्व र क्षमता अभिवृद्धिका लागि राज्य वा दलहरूबाट पर्याप्त अवसर र तालिमको व्यवस्था नहुनु।
- **घोषणापत्रमा सीमितता:** राजनीतिक दलहरूका मुख्य एजेन्डा र चुनावी घोषणापत्रहरूमा यस समुदायका मुद्दाहरूले प्राथमिकता नपाउनु वा पर्याप्त रूपमा नसमेटिनु।
- **नीतिगत अस्पष्टता:** निर्वाचन तथा राजनीतिक सहभागितासम्बन्धी कानुनी र नीतिगत व्यवस्थाहरू अझै पनि स्पष्ट र निर्देशनात्मक हुन नसक्नु।
- सहयोगको अभाव: सक्रिय राजनीतिक सहभागिताका लागि आवश्यक पर्ने आर्थिक, सामाजिक तथा संस्थागत सहयोगको संयन्त्र नहुनु।

## दोस्रो सत्र: नेपालको शासकीय स्वरूप र राजनीतिक प्रणाली

**अध्ययन सामाग्री**

**लोकतन्त्र र संघियताको परिचय**

नेपाल एक संघिय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो जहाँ राज्यको सार्वभौमसत्तानेपाली जनतामा निहित छ, र नागरिकहरूले लोकतान्त्रिक निर्वाचनका माध्यमबाट आफ्ना प्रतिनिधिहरू चयन गर्दछन्। लोकतन्त्रले जनसहभागिता, जवाफदेहिता, पारदर्शिता, समावेशीकरण, मानव अधिकारको सम्मान र विधिको शासनलाई प्रवर्द्धन गर्दछ। यसले आम नागरिकलाई आफ्नो जीवनलाई प्रभावित पार्ने निर्णयहरूमा

सार्थक हस्तक्षेप गर्ने अवसर प्रदान गर्नुका साथै जनप्रतिनिधिहरूलाई उनीहरूका कार्यप्रति उत्तरदायी बनाउन सक्षम तुल्याउँछ।

सङ्घीयता एक यस्तो शासकीय प्रणाली हो जसमा राजनीतिक शक्ति, स्रोत र जिम्मेवारीहरू सरकारका विभिन्न तहहरूबीच न्यायोचित रूपमा बाँडफाँड गरिएका हुन्छन्। वि.सं. २०७२ मा नेपालको संविधान जारी भए सँगै नेपालले सङ्घीय संरचना अङ्गीकार गर्‍यो, जस अन्तर्गत वर्तमान समयमा एक सङ्घीय सरकार, सात प्रादेशिक सरकार र ७५३ स्थानीय सरकारहरू क्रियाशील छन्। सङ्घीयताको मुख्य उद्देश्य केन्द्रिकृत अधिकारलाई विकेन्द्रीकरण गर्नु, सरकारलाई नागरिकको थप सामीप्यमा (दैलोसम्म) पुर्‍याउनु, सेवा प्रवाहमा गुणात्मक सुधार ल्याउनु, समावेशी शासन व्यवस्थालाई सुदृढ गर्नु र निर्णय प्रक्रियामा विविध समुदायको अर्थपूर्ण सहभागिता तथा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्नु हो। यसका साथै, सङ्घीयताले ऐतिहासिक रूपमा सिमान्तकृत गरिएका समूहहरू जस्तै महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका लागि राज्यका निकायहरूसँग अझ प्रत्यक्ष रूपमा जोडिने र सङ्घ, प्रदेश एवं स्थानीय तीनै तहमा आफ्ना अधिकार तथा हितका लागि प्रभावकारी रूपमा पैरवी गर्ने सुनौलो अवसरहरू सिर्जना गरिदिएको छ।

## संघ, प्रदेश र स्थानीय सरकार

नेपालको संघीय शासन प्रणालीमा सरकारका तीनवटा तहहरू क्रियाशील छन्; संघीय, प्रादेशिक र स्थानीय। नेपालको संविधानद्वारा प्रत्येक तहका लागि विशिष्ट अधिकार र जिम्मेवारीहरू स्पष्ट रूपमा निर्धारण गरिएका छन्। राज्यशक्तिको विकेन्द्रीकरण गर्न, सेवा प्रवाहमा गुणात्मक सुधार ल्याउन, समावेशीकरणलाई बढावा दिन र सरकारलाई नागरिकको घरदैलोमा पुर्‍याउने उद्देश्यका साथ नेपालको संविधान २०७२ मार्फत यो व्यवस्था लागू गरिएको हो। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारको अधिकार क्षेत्रलाई स्पष्ट रूपमा व्यवस्था गरेको छ। विभिन्न तहका सरकारको अधिकार सम्बन्धी व्यवस्थाहरू संविधानको भाग ५ (राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड) अन्तर्गत धारा ५७ मा मुख्य रूपमा उल्लेख गरिएको छ। त्यस्तै यसको विस्तृत विवरण संविधानका विभिन्न अनुसूचीहरू मा सूचीकृत गरिएको छ ।

**संघीय सरकार** परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा एवं रक्षा, अध्यागमन, राष्ट्रिय आर्थिक योजना, संघीय कानुन निर्माण र मुलुकको समग्र सुशासन जस्ता राष्ट्रिय महत्त्वका मामिलाहरूका लागि जिम्मेवार हुन्छ। यसले राष्ट्रिय नीति तथा रणनीतिक खाकाहरू तर्जुमा गर्छ, जसले देशभरिको विकास र सार्वजनिक प्रशासनलाई मार्गनिर्देश गर्दछ।

**प्रदेश सरकार**हरूले संघीय र स्थानीय तहबीच पुल को रूपमा कार्य गर्दछन्। तिनीहरू प्रादेशिक कानुन र नीतिहरूको कार्यान्वयन गर्न, प्रादेशिक विकास कार्यक्रमहरूको व्यवस्थापन गर्न, सार्वजनिक सेवाहरूको समन्वय गर्न र आफ्नो प्रदेशसँग सम्बन्धित विशिष्ट मुद्दाहरूलाई सम्बोधन गर्न उत्तरदायी हुन्छन्।

**स्थानीय सरकार**हरू (नगरपालिका र गाउँपालिकाहरू) नागरिकका लागि राज्यको सबैभन्दा नजिकको संयन्त्र हुन्। तिनीहरू आधारभूत शिक्षा, प्राथमिक स्वास्थ्य, स्थानीय पूर्वाधार, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह आदि) र सामुदायिक विकास जस्ता प्रत्यक्ष जनसरोकारका सेवाहरू प्रवाह गर्न जिम्मेवार हुन्छन्। स्थानीय सरकारहरूले सार्वजनिक परामर्श, योजना तर्जुमा प्रक्रिया, वडा भेला तथा

स्थानीय निर्णय प्रक्रियाका मञ्चहरू मार्फत नागरिक सहभागिताका लागि महत्त्वपूर्ण अवसरहरू समेत सृजना गर्दछन्।

सरकारको प्रत्येक तहको भूमिका र कार्यक्षेत्र बुझ्नाले नागरिक तथा समुदायहरूलाई नीतिगत निर्णयहरू कहाँ र कसरी हुन्छन्, विशिष्ट समस्याहरू सम्बोधन गर्न कुन निकाय जिम्मेवार छ र नीतिहरूलाई प्रभाव पार्न एवं समावेशी शासन व्यवस्थालाई सुदृढ गर्न वकालतका प्रयासहरूलाई कहाँ केन्द्रित गर्नुपर्छ भन्ने कुरा पहिचान गर्न मद्दत पुग्दछ।

## कार्यपालिका, व्यवस्थापिक र न्यायपालिकाका कार्यहरू

नेपालको लोकतान्त्रिक प्रणाली शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित छ, जसले राज्यको अधिकारलाई तीन प्रमुख अंगहरूमा विभाजन गर्दछ: कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका। यो प्रणालीले कुनै एक निकायमा मात्र शक्तिको केन्द्रीकरण हुनबाट रोक्छ र शासन व्यवस्थामा जवाफदेहिता, पारदर्शिता एवं विधिको शासनलाई बढावा दिन्छ।

**कार्यपालिका** कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्न, सार्वजनिक प्रशासनको सञ्चालन गर्न र नागरिकहरूलाई सेवा प्रवाह गर्न जिम्मेवार हुन्छ। संघीय तहमा कार्यपालिका अन्तर्गत राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रिपरिषद् र संघीय मन्त्रालयहरू रहन्छन्। यस्तै प्रकारका कार्यपालिका संरचनाहरू प्रादेशिक र स्थानीय तहमा पनि क्रियाशील छन्। कार्यपालिकाले नीतिहरू तर्जुमा गर्ने, विकास कार्यक्रमहरू सञ्चालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सरकारी निकायहरूको दैनिक कार्यसञ्चालन सुनिश्चित गर्ने गर्दछ।

**व्यवस्थापिका** कानुन र नीतिहरूको निर्माण, संशोधन र पारित गर्न जिम्मेवार हुन्छ। संघीय तहमा यो कार्य संघीय संसदद्वारा गरिन्छ, जसमा प्रतिनिधि सभा र राष्ट्रिय सभा समावेश हुन्छन्। प्रदेश तहमा प्रादेशिक व्यवस्थापिका (प्रदेश सभा) रहेका छन् भने स्थानीय सरकारहरूले आफ्नो क्षेत्राधिकार भित्र रही स्थानीय कानुन, ऐन र नियमहरू बनाउँछन्। कानुन निर्माणका अतिरिक्त, व्यवस्थापिकाले बजेट पारित गर्ने, राष्ट्रिय सरोकारका मुद्दाहरूमा व्यापक बहस गर्ने र कार्यपालिकाको कामकारबाहीको निरन्तर अनुगमन गर्ने गर्दछ।

**न्यायपालिका** संविधान र कानुनको व्याख्या गर्न, विवादहरू निरूपण गर्न र निष्पक्ष न्याय सुनिश्चित गर्न उत्तरदायी हुन्छ। न्यायपालिकाले नागरिकको मौलिक हकको संरक्षण गर्छ, र सरकारका हरेक कार्यहरू संविधान सम्मत छन् भन्ने कुरा सुनिश्चित गर्दछ। नेपालको एकीकृत न्यायप्रणालीमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरू रहेका छन्। न्यायपालिकाले संवैधानिक व्याख्या र ऐतिहासिक न्यायिक निर्णयहरू मार्फत LGBTIQ+ लगायतका सीमान्तकृत समुदायहरूको अधिकार संरक्षण गर्न पनि महत्त्वपूर्ण भूमिका खेल्दछ।

यी कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले सामूहिक रूपमा निगरानी र सन्तुलन (Check and Balance) को प्रणाली निर्माण गर्छन्, जसले लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ बनाउँछ, नागरिकका अधिकारहरूको रक्षा गर्छ र सार्वजनिक संस्थाहरू जनताप्रति सधैँ उत्तरदायी रहिरहने कुरा सुनिश्चित गर्दछ।

**कानुन निर्माण र नीति निर्माण प्रक्रिया**

नेपालमा कुनै पनि कानुन वा नीति एकैपटक निर्माण हुँदैन। यो विभिन्न चरणहरू पार गरेर तयार गरिने सहभागितामूलक प्रक्रिया हो। सामान्यतया कुनै विषयमा आवश्यकता पहिचान भएपछि सम्बन्धित मन्त्रालय वा निकायले प्रारम्भिक अवधारणा तथा मस्यौदा तयार गर्छ। त्यसपछि सरोकारवालाहरू, नागरिक समाजका संस्था (CSOs), विज्ञ, प्रभावित समुदाय तथा सम्बन्धित निकायहरूसँग परामर्श गरी सुझाव संकलन गरिन्छ। मस्यौदा तयार भएपछि मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश गरिन्छ। स्वीकृतिपछि विधेयक संघीय संसदमा दर्ता हुन्छ, जहाँ त्यसमाथि दफावार छलफल, संसदीय समितिको समीक्षा, संशोधन तथा बहस गरिन्छ। संसदका दुवै सदनबाट विधेयक पारित भएपछि राष्ट्रपतिबाट प्रमाणीकरण गरिन्छ र राजपत्रमा प्रकाशित भएपछि कानुनको रूपमा लागू हुन्छ।

त्यसैगरी, नीतिहरू सम्बन्धित मन्त्रालय वा सरकारी निकायले तयार गरी आवश्यक परामर्श र मन्त्रिपरिषद्को स्वीकृतिपछि कार्यान्वयनमा ल्याइन्छ। नीति तथा कानुन निर्माणका विभिन्न चरणहरूमा नागरिक, नागरिक समाजका सङ्गठन (CSOs), समुदाय, अधिकारकर्मी तथा पैरवी समूहहरूले सार्वजनिक परामर्श, सुझाव पेश गर्ने, नीति संवाद गर्ने, संसदीय समितिसँग अन्तरक्रिया गर्ने तथा निर्वाचित जनप्रतिनिधिहरूसँग समन्वय गर्ने माध्यमबाट आफ्नो आवाज र चासोलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न सक्छन्। यस्तो सहभागिताले नीति तथा कानुनलाई अझ समावेशी, उत्तरदायी र नागरिकमैत्री बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँछ।

## सार्वजनिक सहभागिता र नागरिक संलग्नता

सार्वजनिक सहभागिता भन्नाले राज्यको शासकीय व्यवस्था/ स्वरुप, विकास निर्माण र निर्णय प्रक्रियामा आम नागरिकहरूको सक्रिय संलग्नतालाई बुझाउँछ। नागरिक संलग्नताका विभिन्न प्रभावकारी स्वरूपहरू हुन सक्छन्, जस्तै: आवधिक मतदानमा भाग लिने, सामुदायिक सङ्गठनहरू परिचालन गर्ने, अधिकारका लागि पैरवी (वकालत) गर्ने, सार्वजनिक सुनुवाइमा प्रश्न उठाउने, र आफ्ना निर्वाचित प्रतिनिधिहरूसँग निरन्तर नीतिगत संवाद गर्ने।

## सामुदायिक सहभागिता र पैरवीका प्रवेश विन्दुहरू (Entry Points)

सिमान्तकृत समुदायहरूले आफ्ना मुद्दाहरू स्थापित गर्नका लागि सार्वजनिक सुनुवाइ, स्थानीय वडा तथा पालिकाका बैठकहरू, विषयगत संसदीय समितिहरू, नीतिगत संवाद, दबाबमुलक अभियानहरू र निर्वाचित पदाधिकारीहरूसँगको प्रत्यक्ष पैरवीलाई मुख्य माध्यम बनाउन सक्छन्। यी रणनीतिक प्रवेश विन्दुहरू (Entry Points) को सही पहिचानले समुदायलाई आफ्ना अधिकार र प्राथमिकताका एजेन्डाहरू राज्यको नीतिमा समावेश गराउन सघाउ पुऱ्याउँछ।

## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व र समावेशीकरणका अवसरहरू

LGBTIQ+ व्यक्तिहरूले राज्यको शासकीय र राजनीतिक प्रणालीमा केवल आम मतदाता वा अभियन्ताका रूपमा मात्र नभई, राजनीतिक दलका अगुवा, नागरिक समाजका प्रतिनिधि, निर्वाचनका उम्मेदवार र निर्वाचित पदाधिकारीका रूपमा समेत नेतृत्वदायी भूमिका खेल्न सक्छन्। राज्यका हरेक अङ्ग र राजनीतिक दलहरूमा यस समुदायको समानुपातिक प्रतिनिधित्व र समावेशीकरण सुनिश्चित हुँदा मात्र निर्माण हुने नीति, बजेट र कार्यक्रमहरूमा LGBTIQ+ समुदायका वास्तविक आवश्यकता र दृष्टिकोणहरू प्रतिविम्बित हुन सक्छन्। नेपालको संविधान को धारा ४२ मा सामाजीक न्यायको हकमा लैंगिक तथा

यौनिक अल्पसंख्यक समुदाय लगायतलाइ समानुपातीक सिद्दान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भनी व्यवस्था गरिएको छ ।

## मोड्युल ३ : निर्वाचन प्रणाली, राजनैतिक सहभागिता र नागरिक स्थान (Civic Space)

### संक्षिप्त जानकारी

यस मोड्युलले सहभागीहरूलाई नेपालको निर्वाचन तथा राजनीतिक प्रणाली र अर्थपूर्ण नागरिक एवं राजनीतिक संलग्नताका लागि उपलब्ध अवसरहरूको व्यावहारिक बुझाइ प्रदान गर्नेछ। यस अन्तर्गत निर्वाचन सञ्चालन प्रक्रिया, प्रमुख निकायहरूको भूमिका र जिम्मेवारी, राजनीतिक दल तथा जनप्रतिनिधिमूलक निकायहरूको कार्यप्रणाली, र नागरिक सहभागिता एवं जवाफदेहिताका संयन्त्रहरूको विस्तृत अन्वेषण गरिनेछ। यसका साथै, मोड्युलले राजनीतिक सहभागितालाई संकुचित वा सीमित पार्न सक्ने सम्भावित बाधाहरू (विशेष गरी LGBTIQ+ समुदायका लागि) को समीक्षा गर्नुका साथै लोकतान्त्रिक प्रक्रियाहरूमा प्रभावकारी रूपमा संलग्न हुन र समावेशी शासन व्यवस्थाका लागि पैरवी गर्न आवश्यक रणनीतिहरूको पहिचान गर्नेछ।

## पहिलो सत्र: निर्वाचन र राजनैतिक प्रणलीको व्यवहारिक अभ्यास

**संक्षिप्त जानकारी** यस सत्रले सहभागीहरूलाई नेपालको निर्वाचन तथा राजनीतिक प्रणालीसँग परिचित गराउँदै नागरिकहरू लोकतान्त्रिक प्रक्रियामा कसरी सक्रिय सहभागी हुन सक्छन् भन्ने कुरा स्पष्ट पार्नेछ। सहभागीहरूले निर्वाचन प्रणाली, मतदाता नामावली दर्ता, निर्वाचन आयोग नेपालको भूमिका, राजनीतिक दलको कार्यशैली, उम्मेदवार चयन प्रक्रिया, र निर्वाचित प्रतिनिधि एवं सरकारी निकायहरूसँग समन्वय गर्ने अवसरहरूका बारेमा जानकारी प्राप्त गर्नेछन्। यस सत्रले राजनीतिक र शासकीय संरचनाभित्र LGBTIQ+ समुदायको अधिकार र समावेशीकरणलाई संस्थागत गर्नका लागि रणनीतिक प्रवेश विन्दुहरू (Entry Points) लाई समेत उजागर गर्नेछ।




## अध्ययन सामाग्री
## नेपालको निर्वाचन प्रणालीको कार्यविधि

नेपालले मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरेको छ, जसमा 'पहिलो हुने निर्वाचित हुने' (First Past The Post(FPTP) - प्रत्यक्ष) निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली ( Proportional Representation-

PR) को सन्तुलित संयोजन गरिएको छ। प्रत्यक्ष निर्वाचन प्रणाली अन्तर्गत सम्बन्धित निर्वाचन क्षेत्रमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुन्छ। 'समानुपातिक' निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलहरूले देशभरबाट आफूले प्राप्त गरेको कुल मतको अनुपातमा संसदमा सिटहरू प्राप्त गर्दछन्, जसले विभिन्न सीमान्तकृत समुदायको समावेशीकरण र न्यायोचित प्रतिनिधित्वलाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउँछ।

## मतदाता नामावली दर्ता र निर्वाचन चक्र (Election Cycle)

मतदान गर्नु एक आधारभूत लोकतान्त्रिक अधिकार र नागरिक कर्तव्य हो। निर्वाचनमा सहभागी हुनका लागि योग्य नागरिकहरूले मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउनु र मतदाता परिचयपत्र प्राप्त गर्नु अनिवार्य हुन्छ। समग्र 'निर्वाचन चक्र' मा मतदाता दर्ता, उम्मेदवार मनोनयन, चुनावी अभियान (प्रचार-प्रसार), मतदान, मतगणना, परिणाम घोषणा, र निर्वाचन पश्चातको जवाफदेहिताका प्रक्रियाहरू समावेश हुन्छन्। नागरिकहरूले केवल मतदान गरेर मात्र नभई, निर्वाचनको पर्यवेक्षण गरेर, जनसरोकारका सवालहरू उठाएर र समावेशी नीतिहरूको पक्षमा निरन्तर पैरवी गरेर यस पूर्ण चक्रभरि नै अर्थपूर्ण रूपमा संलग्न हुन सक्छन्।

## निर्वाचन आयोग, नेपाल (Election Commission Nepal)

निर्वाचन आयोग, नेपाल एक स्वतन्त्र संवैधानिक निकाय हो, जसको प्राथमिक जिम्मेवारी स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय निर्वाचन सञ्चालन गर्नु हो। यसको क्षेत्राधिकारभित्र मतदाता नामावली दर्ता, निर्वाचन व्यवस्थापन, राजनीतिक दलहरूको दर्ता तथा नियमन, उम्मेदवार मनोनयनको रेखदेख, मतदाता शिक्षा कार्यक्रम, र निर्वाचनको समग्र अनुगमन एवं मुल्यान्कन पर्दछन्।

## राजनैतिक दल र आन्तरिक संचचनाहरू

राजनीतिक दलहरूले आम नागरिकका भावना र हितहरूको प्रतिनिधित्व गर्दै निर्वाचनमा प्रतिस्पर्धा गरेर लोकतान्त्रिक शासन व्यवस्थामा केन्द्रीय भूमिका निर्वाह गर्छन्। अधिकांश दलहरूको सङ्गठनात्मक ढाँचामा केन्द्रीय समिति, प्रादेशिक समिति, जिल्ला समिति, स्थानीय समिति (पालिका/वडा तह), र युवा, महिला, विद्यार्थी, श्रमिक एवं अन्य सामाजिक समूहहरूको प्रतिनिधित्व गर्ने भातृ तथा शुभेच्छुक सङ्गठनहरू (Sister Organizations) क्रियाशील रहन्छन्।

## उम्मेदवार चयन र दलहरूको घोषणापत्र

चुनावमा प्रतिस्पर्धा गर्ने उम्मेदवारहरू कसरी र कुन मापदण्डका आधारमा छनोट गरिन्छन् भन्ने कुरा राजनीतिक दलहरूको आन्तरिक विधानले निर्धारण गर्छ। उम्मेदवार चयन प्रक्रियाले अक्सर राजनीतिक नेतृत्व र प्रतिनिधित्वको तहमा कुन वर्ग वा समुदायको पहुँच स्थापित हुन्छ भन्ने कुरालाई प्रत्यक्ष प्रभावित पार्छ। राजनीतिक दलहरूले जारी गर्ने घोषणापत्रले उनीहरूको नीतिगत प्राथमिकता र प्रतिबद्धताहरूलाई लिपिबद्ध गर्ने हुनाले, यसले LGBTIQ+ समुदाय का लागि नीतिगत पैरवी एवं राजनीतिक दलहरूसँग सरोकारवालाका रूपमा जोडिने महत्त्वपूर्ण अवसर प्रदान गर्दछ।

दलहरूले उम्मेदवार चयन गर्दा समावेशी प्रतिनिधित्वको सिद्धान्त पालना गर्नुपर्ने कानुनी व्यवस्था छ। यसअन्तर्गत महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम र पिछडिएको क्षेत्र आदिको

प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने हुन्छ भने संसद्मा महिलाको न्यूनतम ३३ प्रतिशत प्रतिनिधित्व अनिवार्य गरिएको छ। तर, यस प्रकारको बाध्यकारी व्यवस्थामा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई उम्मेदवार बनाउने सवालमा कुनै पनि स्पष्ट वा अनिवार्य कानुनी प्रावधान समेटिएको छैन।

## संसद र संसदीय समितिहरू

नेपालको सङ्घीय संसद दुइ सदनात्मक छ, जसमा प्रतिनिधि सभा र राष्ट्रिय सभा रहेका छन्। विधेयक वा कानुनहरूको दफावार समीक्षा गर्न, सरकारको कार्यसम्पादनको नियमित अनुगमन गर्न र सार्वजनिक सरोकारका विषयहरूको विस्तृत जाँचबुझ गर्न विषयगत संसदीय समितिहरू गठन गरीएको हुन्छ, जसले अत्यन्तै महत्त्वपूर्ण भूमिका खेल्छन्। यी समितिहरू नागरिकका एजेन्डाहरू स्थापित गर्न र नीतिगत संलग्नताका लागि प्रभावकारी माध्यम बन्न सक्छन्।

नेपालको सङ्घीय संसद मुलुकको सर्वोच्च व्यवस्थापिका हो, जुन प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक रहेको छ। संसद मुलुकका लागि आवश्यक कानुन निर्माण गर्न, राष्ट्रिय नीति तथा वार्षिक बजेट स्वीकृत गर्न, र सरकारका कामकारबाहीहरूको नियमित निगरानी एवं अनुगमन गर्न जिम्मेवार रहन्छ। सांसदहरूले आम नागरिकका भावना, आवश्यकता र हितहरूको प्रतिनिधित्व गर्दछन्, तथा राष्ट्रिय विकासका प्राथमिकताहरू एवं सार्वजनिक नीतिहरूलाई मूर्त रूप दिन प्रमुख भूमिका निर्वाह गर्दछन्।

संसदको कार्यसम्पादनलाई व्यवस्थित, गतिशील र प्रभावकारी बनाउन यस अन्तर्गत विभिन्न 'विषयगत संसदीय समितिहरू' क्रियाशील रहन्छन्। यी समितिहरूले प्रस्तावित विधेयकहरूको दफावार समीक्षा गर्ने, सरकारको कार्यसम्पादनको संसदीय अनुगमन गर्ने, र सार्वजनिक सरोकारका गम्भीर विषयहरूको विस्तृत जाँचबुझ गर्ने कार्य गर्दछन्। यी संसदीय समितिहरूले नागरिक समाजका सङ्गठनहरू , सामुदायिक समूहहरू र आम नागरिकलाई नीति निर्माताहरूसँग प्रत्यक्ष संवाद गर्न, रचनात्मक सुझावहरू पेस गर्न र नीतिगत सुधारका लागि पैरवी गर्न महत्त्वपूर्ण अवसरहरू प्रदान गर्दछन्। **LGBTIQ+ समुदायका** लागि समानता, समावेशीकरण, गैर-भेदभाव र राजनीतिक प्रतिनिधित्वका मुद्दाहरूलाई संस्थागत रूपमा अगाडि बढाउन र नीतिगत सम्बोधन गराउन यी विषयगत संसदीय समितिहरू एउटा प्रमुख र शक्तिशाली माध्यम बन्न सक्छन्।

## स्थानीय सरकारका प्रवेश विन्दुहरू (Entry Points)

स्थानीय सरकारहरू नागरिकका लागि राज्यको सबैभन्दा निकटतम र पहुँचयोग्य तह हुन्। समुदायका ब्यक्तीहरुले सार्वजनिक सुनुवाइ, पालिका स्तरीय परामर्श, आवधिक योजना तर्जुमा प्रक्रिया, वडा भेला तथा बैठक, बजेट तर्जुमाका छलफलहरू, र स्थानीय स्तरका पैरवी अभियानहरू मार्फत स्थानीय सरकारसँग प्रत्यक्ष जोडिन सक्छन्। यी माध्यमहरुले आफ्ना विशिष्ट सरोकारहरू उठाउन, स्थानीय नीति तथा बजेटलाई प्रभावित पार्न र समावेशी शासन व्यवस्थालाई जगैदेखि प्रवर्द्धन गर्न उपयुक्त अवसरहरू प्रदान गर्दछन्।

**लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको सहभागिता र प्रतिनिधित्वका अवसरहरू**

LGBTIQ+ व्यक्तिहरूले राज्यको राजनीतिक प्रक्रियामा केवल आम मतदाता वा अभियन्ताका रूपमा मात्र नभई, समुदायका अगुवा, नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका सक्रिय सदस्य, निर्वाचनका उम्मेदवार र निर्वाचित पदाधिकारीका रूपमा समेत बहुआयामिक भूमिका खेल्न सक्छन्। राजनीतिक र शासकीय प्रक्रियामा यस समुदायको अर्थपूर्ण सहभागिताले मात्र निर्माण हुने कानुन, नीति, योजना, बजेट र समग्र शासकीय प्रणालीमा यस समुदायका वास्तविक आवश्यकता, प्राथमिकता र अधिकारहरू न्यायोचित रूपमा वितरण भएको सुनिश्चित गर्दछ।

## दोस्रो सत्र: नागरिक स्थान, नागरिक समाजका संस्था तथा संगठनहरू (CSOs), नागरिक अगुवा र अभियन्ताहरूको भूमिका

**संक्षिप्त जानकारी**

यस सत्रले सहभागीहरूलाई नागरिक स्थान  को अवधारणा र लोकतन्त्र, मानव अधिकार, जनसहभागिता एवं जवाफदेहिताको प्रवर्द्धनमा यसको अपरिहार्यताका बारेमा जानकारी गराउनेछ। यस अन्तर्गत सामाजिक रूपान्तरणलाई गति दिन, नीतिहरूलाई सकारात्मक रूपमा प्रभावित पार्न, र LGBTIQ+ समुदाय लगायत सिमान्तकृत समूहहरूको अधिकार र समावेशीकरणका लागि पैरवी गर्न नागरिक समाजका सङ्गठनहरू, समुदायका नेतृत्वकर्ताहरु ,अभियन्ताहरू र मानव अधिकार रक्षकहरूको भूमिकाको विस्तृत अध्ययन गरिनेछ। यसका साथै, सत्रले मानव अधिकार, लोकतन्त्र र LGBTIQ+ समानताका सवालहरू स्थापित गर्न नेपालको नागरिक समाज को शान्तीपुर्ण आन्दोलनले पुऱ्याएको ऐतिहासिक योगदानलाई समेत उजागर गर्नेछ।

**अध्ययन सामाग्री**

## नागरिक स्थान को अर्थ

नागरिक स्थान (Civic Space) भन्नाले त्यस्तो अनुकूल वातावरणलाई बुझाउँछ जसले व्यक्ति र समूहहरूलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिनाहतियार शान्तिपूर्ण रूपमा भेला हुने स्वतन्त्रता, सङ्गठन वा संस्था खोल्ने स्वतन्त्रता र सार्वजनिक जीवनमा सक्रिय सहभागी हुन आफ्ना मौलिक अधिकारहरूको निर्वाध उपभोग गर्न सक्षम बनाउँछ। एउटा खुला, सुरक्षित र समावेशी नागरिक स्थानले नागरिक, समुदाय र सङ्गठनहरूलाई आफ्ना सरोकारहरू सशक्त रूपमा व्यक्त गर्न, रूपान्तरणका लागि पैरवी गर्न, निर्णयकर्ताहरूसँग अर्थपूर्ण संवाद गर्न र लोकतान्त्रिक शासन व्यवस्थामा रचनात्मक योगदान पुऱ्याउन मार्गप्रशस्त गर्दछ।

### नागरिक संलग्नता (Civic Engagement)

नागरिक संलग्नता भन्नाले सामुदायिक मामिला, सार्वजनिक निर्णय प्रक्रिया र लोकतान्त्रिक प्रणालीहरूमा आम नागरिकहरूको सक्रिय र सचेत सहभागितालाई बुझाउँछ। यस अन्तर्गत आवधिक मतदानमा भाग लिने, सामुदायिक



संस्था /सङ्गठन निर्माण, नीतिगत पैरवी, स्वयंसेवा, सार्वजनिक परामर्श, नीतिगत संवाद, सामाजिक आन्दोलनहरू र सरकारी निकायहरूसँगको निरन्तर समन्वय जस्ता रचनात्मक कार्यहरू पर्दछन्। नागरिक संलग्नताले राज्यको तहमा जनआवाज सुनिने कुराको सुनिश्चितता गर्दछ र एक जवाफदेही, पारदर्शी एवं जनउत्तरदायी शासन व्यवस्था निर्माणमा ठोस योगदान पुऱ्याउँछ।

## नारिक समाजका संस्था तथा सङ्गठनहरु (CSOs) को भूमिका

मानव अधिकार, सामाजिक न्याय, शासकीय जवाफदेहिता र नागरिक सहभागिताको प्रवर्द्धनमा नागरिक समाजका सङ्गठनहरूले अत्यन्तै महत्त्वपूर्ण र नेतृत्वदायी भूमिका निर्वाह गर्दछन्। CSOs ले जनस्तरमा सेवा प्रवाह गर्ने, नागरिक सचेतना जगाउने, नीतिगत पैरवीका कार्यक्रमहरू सञ्चालन गर्ने, सरकारका कामकारबाहीहरूको नागरिक निगरानी गर्ने, मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरण (Documentation) गर्ने र सिमान्तकृत समुदायहरूको हितको वकालत गर्ने कार्य गर्दछन्। उनीहरूले अक्सर भुइँतहका समुदाय र राज्यका नीति निर्माताहरूबीच एउटा भरपर्दो पुल को रूपमा कार्य गर्दै नीतिगत एवं कानुनी सुधारहरूमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछन्।

## नारिक अगुवाह र अभियन्ताहरूको भूमिका

नागरिक अगुवा र सामाजिक अभियन्ताहरूले समुदायलाई संगठित एवं गतिशील बनाउन, विद्यमान सामाजिक सवालहरूका बारेमा व्यापक सचेतना अभिवृद्धि गर्न, मानव अधिकारका लागि पैरवी गर्न र सार्वजनिक नीतिहरूलाई जनमुखी बनाउन प्रभावकारी भूमिका खेल्छन्। आफ्नो सबल नेतृत्व, निरन्तर वकालत र सामूहिक अभियानका माध्यमबाट उनीहरूले सामाजिक रूपान्तरण र न्यायमा योगदान पुऱ्याउँछन् तथा निर्णय प्रक्रियामा सीमान्तकृत वर्गको बृहत्तर सहभागिता र समावेशीकरणलाई प्रवर्द्धन गर्दछन्।

## मोड्युल ४ : अर्थपूर्ण राजनीतिक सहभागिता, प्रतिनिधित्व, पैरवी र अभियान संचालन

**संक्षिप्त जानकारी**

यस मोड्युलले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार प्रवर्द्धन र समावेशीकरणलाई संस्थागत गर्न अर्थपूर्ण राजनीतिक सहभागिता, प्रतिनिधित्व, नीतिगत पैरवी र सामाजिक अभियानहरूको अपरिहार्यताका बारेमा जानकारी प्रदान गर्नेछ। सहभागीहरूले शक्ति (Power), प्रतिनिधित्व (Representation), नेतृत्व (Leadership) र शासकीय जवाफदेहिता (Accountability) का सैद्धान्तिक एवं व्यावहारिक आयामहरूबारे विस्तृत बुझाइ हासिल गर्नेछन्। यसका साथै, राजनीतिक एवं नीतिगत निर्णय प्रक्रियामा यस समुदायको पहुँचलाई संकुचित पार्ने विद्यमान संरचनागत अवरोधहरूको समेत समीक्षा गरिनेछ। यो मोड्युल सहभागीहरूलाई व्यावहारिक पैरवी र रणनीतिक अभियान सञ्चालन सम्बन्धी सीपहरू प्रदान गर्न केन्द्रित रहनेछ, जसले उनीहरूलाई राजनीतिक सरोकारवालाहरूसँग प्रभावकारी संवाद गर्न, नीति निर्माण प्रक्रियालाई सकारात्मक रूपमा प्रभावित पार्न, बृहत्तर सञ्जाल एवं गठबन्धन निर्माण गर्न र समावेशी शासन व्यवस्था एवं सामाजिक रूपान्तरणका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पूर्ण रूपमा सक्षम तुल्याउनेछ।

**पहिलो सत्रः राजनीतिक सहभागिता र प्रतिनिधित्वको महत्त्व**

## अर्थपूर्ण राजनीतिक सहभागिता, शक्ति, प्रतिनिधित्व, आवाज र जवाफदेहिता

**अर्थपूर्ण राजनीतिक सहभागिता** भनेको आफ्नो जीवनलाई प्रत्यक्ष प्रभावित पार्ने नीतिगत निर्णय प्रक्रियाहरूमा नागरिक तथा समुदायको सक्रिय, सचेत र प्रभावकारी संलग्नता हो। यो केवल औपचारिकताका लागि मात्र उपस्थित हुनु वा परामर्शमा सीमित रहनुभन्दा निकै माथि उठेको दर्शन र अभ्यास हो, जसले आम नागरिकका आवाज, विशिष्ट आवश्यकता र दृष्टिकोणहरूलाई राज्यका निकायहरूमा वास्तविक रूपमा सुनिने र सम्मान गरिने मात्र नभई, निर्माण हुने नीति, कानुन एवं समग्र शासकीय प्रक्रियाहरूमा न्यायोचित रूपमा प्रतिविम्बित हुने कुराको सुनिश्चितता गर्दछ। **शक्ति** भन्नाले निर्णयहरूलाई प्रभाव पार्ने, स्रोतसाधन परिचालन तथा बाँडफाँड गर्ने, नीतिहरू तर्जुमा गर्ने र प्राथमिकताहरू निर्धारण गर्ने क्षमतालाई बुझाउँछ। शक्तिको प्रयोग सरकार, राजनीतिक दल, विभिन्न संस्था, समुदाय र व्यक्तिहरूद्वारा गरिन्छ। शक्ति संरचनाले कसरी काम गर्छ भन्ने कुरा बुझ्नु अपरिहार्य छ किनकि यसले नागरिकहरूलाई निर्णय प्रक्रियाको मुख्य नेतृत्व को हो, कसको हितलाई प्राथमिकता दिइएको छ र वकालतका प्रयासहरूलाई कहाँ केन्द्रित गर्नुपर्छ भन्ने कुरा पहिचान गर्न मद्दत गर्दछ।

**आवाज** भन्नाले व्यक्ति र समुदायले आफ्ना विचार, सरोकार, आवश्यकता र आकांक्षाहरू व्यक्त गर्ने एवं निर्णय प्रक्रियामा तिनलाई उचित सुनुवाइ र सम्बोधन गराउन सक्ने क्षमतालाई बुझाउँछ। अर्थपूर्ण सहभागिताका लागि आवाज उठाउनु अत्यावश्यक छ, तर आवाज मात्रै पर्याप्त हुँदैन, यसका साथै निर्णय र परिणामहरूलाई ठोस रूपमा प्रभाव पार्ने अवसरहरू पनि प्राप्त हुनुपर्छ। LGBTIQ+ लगायतका सीमान्तकृत समुदायहरुको आवाज सुनिने वातावरण सुनिश्चित गर्नु समावेशीकरण र समानताको दिशामा एउटा महत्त्वपूर्ण कदम हो। **अर्थपूर्ण प्रतिनिधित्व**ले निर्णय गर्ने निकाय, राजनीतिक दल र नेतृत्वदायी पदहरूमा LGBTIQ+ व्यक्तिहरू लगायत विविध समुदायको अर्थपूर्ण उपस्थिति सुनिश्चित गर्दछ। प्रभावकारी प्रतिनिधित्वले राज्यका नीति र निर्णयहरूमा समाजका विभिन्न समूहहरूको अनुभव, चासो र प्राथमिकताहरू ध्यानाकर्षण गराउन महत्त्वपूर्ण भूमिका खेल्दछ। **जवाफदेहिताको** अर्थ निर्वाचित प्रतिनिधि, सार्वजनिक पदाधिकारी र संस्थाहरू आफ्ना प्रत्येक निर्णय एवं कार्यप्रति उत्तरदायी हुनु हो। नागरिकहरूलाई सरकारको कार्यसम्पादनको अनुगमन गर्ने, सूचना माग गर्ने, आफ्ना सरोकारहरू उठाउने र पारदर्शिता एवं उत्तरदायित्वको माग गर्ने पूर्ण अधिकार हुन्छ। जवाफदेहिताले लोकतन्त्रलाई सुदृढ बनाउन, शक्तिको दुरुपयोग रोक्न र सार्वजनिक संस्थाहरूले सबै नागरिकको हितमा निष्पक्ष एवं प्रभावकारी रूपमा सेवा प्रवाह गरून् भन्ने कुरा सुनिश्चित गर्न मद्दत गर्दछ।

## राजनीतिक प्रतिनिधित्व (Political Representation)

राजनीतिक प्रतिनिधित्व भन्नाले त्यस्तो समतामूलक प्रक्रियालाई बुझाउँछ जसको माध्यमबाट समाजका विभिन्न व्यक्ति वा समूहका हित, आवश्यकता, र आवाजहरू राजनीतिक दलहरु तथा नीति-निर्माणका तहहरूमा सही ढङ्गले ध्यानाकर्षण हुन्छन्। यो केवल सैद्धान्तिक विषय मात्र नभएर निर्णय गर्ने स्थानमा समुदायको प्रत्यक्ष उपस्थिति सुनिश्चित गर्ने बलियो माध्यम हो। यस प्रक्रिया अन्तर्गत निश्चित व्यक्ति वा समूहले समुदायको प्रतिनिधिको रूपमा काम गर्छन्, जहाँ उनीहरू निर्वाचित वा नियुक्त भएर औपचारिक र जिम्मेवारीपूर्ण भूमिकामा बाँधिन्छन् र समुदायका ब्यक्तीहरुको सरोकारका लागि निरन्तर आवाज उठाउँछन्।

विशेष गरी LGBTIQ+ समुदायका लागि राजनीतिक प्रतिनिधित्वको अर्थ राजनीतिक दल, निर्वाचित निकाय, सरकारी संस्था, र राज्यका उच्च नेतृत्वदायी पदहरूमा अर्थपूर्ण सहभागिता र दृश्यता (Visibility) प्राप्त गर्नु हो। जब सीमान्तकृत समुदायको निर्णय प्रक्रियामा प्रत्यक्ष र औपचारिक उपस्थिति हुन्छ, तब मात्र उनीहरूको अधिकार, विशिष्ट अनुभव, र प्राथमिकताहरूलाई देशको कानुन, नीति, तथा सार्वजनिक कार्यक्रमहरूमा समेट्न सम्भव हुन्छ। यस प्रकारको जिम्मेवारीपूर्ण प्रतिनिधित्वले नीति तथा निर्णयहरूमा समुदायको बलियो उपस्थिति सुनिश्चित गर्दै अन्ततः राज्यलाई अझ बढी न्यायपूर्ण, समावेशी, र समतामूलक शासन व्यवस्थातर्फ डोऱ्याउँछ।

## अर्थपूर्ण राजनीतिक सहभागिता र प्रतिनिधित्व किन महत्वपूर्ण छ ?

राजनीतिक सहभागिताले नागरिकहरूलाई सार्वजनिक नीतिहरूलाई जनमुखी बनाउन, आफ्ना नैसर्गिक अधिकारका लागि पैरवी गर्न, नेतृत्वलाई नागरिकप्रति जवाफदेही बनाउन र लोकतान्त्रिक शासकीय पद्धतिमा सक्रिय योगदान पुऱ्याउन सक्षम बनाउँछ। LGBTIQ+ समुदायका लागि अर्थपूर्ण राजनीतिक सहभागिताले संरचनागत विभेदको अन्त्य गर्न, राज्यका सेवा-सुविधाहरूमा पहुँच सुदृढ गर्न, कानुनी संरक्षणको दायरालाई बलियो बनाउन र सार्वजनिक नीति तथा राष्ट्रिय विकास कार्यक्रमहरूमा समुदायका वास्तविक सवालहरू समावेश भएको सुनिश्चित गर्न ठोस मद्दत गर्दछ।

## राजनीतिक सहभागिता सम्बन्धी भ्रम (Myth-Busting)

राजनीति र सहभागिताका सवालमा समाजमा अनेकौँ परम्परागत एवं गलत धारणाहरू व्याप्त छन्। कतिपयले राजनीति केवल पेशावर राजनीतिज्ञहरूका लागि मात्रै हो वा सीमान्तकृत समुदायले राज्यको निर्णय प्रक्रियालाई प्रभाव पार्न सक्दैनन् भन्ने सोच्ने गर्दछन्। तर वास्तविकतामा, राजनीतिक सहभागिताको दायरा व्यापक छ। जसमा मतदान गर्ने, नीतिगत पैरवी गर्ने, सामुदायिक संघ, संस्था तथा सङ्गठन निर्माण, सार्वजनिक परामर्शमा भाग लिने, नीतिगत संवादमा संलग्न हुने, चुनावी अभियान सञ्चालन गर्ने र नेतृत्वदायी भूमिका ग्रहण गर्ने जस्ता धेरै रचनात्मक पक्षहरु रहेका छन्। प्रत्येक नागरिकलाई सार्वजनिक मामिलाहरूमा नीतिगत हस्तक्षेप गर्ने र लोकतान्त्रिक प्रक्रियाहरूमा योगदान दिने पूर्ण संवैधानिक अधिकार छ।

## लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायले भोग्नुपर्ने संरचनागत चुनौती र जोखिमहरू

धेरैजसो LGBTIQ+ व्यक्तिहरूले राजनीतिक र सार्वजनिक जीवनमा आफ्नो पहुँच र सहभागितालाई सीमित गर्ने विभिन्न प्रणालीगत अवरोधहरूको सामना गरिरहेका छन्। यस अन्तर्गत सामाजिक लाञ्छना, भेदभाव, सामाजिक बहिष्करण, कानुनी रुपमा लैङ्गिक पहिचानको अभाव, आर्थिक असमानता, हिंसा, दुर्व्यवहार, राजनीतिक सञ्जालहरूमा न्यून पहुँच, र नेतृत्वदायी पदहरूमा न्यून प्रतिनिधित्व जस्ता गम्भीर चुनौतीहरू पर्दछन्। यस्ता संरचनागत अवरोध र जोखिमहरूले गर्दा सक्षम व्यक्तिहरू समेत मतदाता, सामाजिक अभियन्ता, राजनीतिक दलका सदस्य, अभियानकर्ता, उम्मेदवार वा निर्वाचित प्रतिनिधिको रूपमा अगाडि आउन निरूत्साहित हुने गरेका छन्।

## सहभागिताको सिँढी (Participation Ladder)

राजनीतिक सहभागिता विभिन्न तह र चरणहरूमा क्रियाशील रहन्छ। यसलाई केवल सूचना प्राप्त गर्ने निष्क्रिय संलग्नतादेखि नीति निर्माण गर्ने सक्रिय नेतृत्व सम्मको क्रमिक प्रगतिका रूपमा बुझ्न सकिन्छ

- **सूचना (Information):** राज्यका विभिन्न निर्णयहरू, नीतिहरू, योजनाहरू र उपलब्ध अवसरहरूका बारेमा आधिकारिक जानकारी वा सूचनामा सहज पहुँच हुनु।
- **परामर्श (Consultation):** विभिन्न सार्वजनिक सरोकारका सवाल तथा नीतिगत मस्यौदाहरूमा आफ्ना धारणाहरु सार्वजनिक गर्नु र रचनात्मक प्रतिकृया प्रदान गर्नु।
- **कार्यसूची निर्धारण (Agenda Setting):** नीति निर्माता तथा सरोकारवाला निकायका प्राथमिकताहरूलाई प्रभावित पार्नु र निर्णयकर्ताहरू समक्ष समुदायका सवालहरूलाई बहसको मुख्य विषय बनाउनु।
- **निर्णय प्रक्रिया (Decision-Making):** योजना तर्जुमा, कानुन एवं नीति निर्माण र समग्र शासकीय प्रक्रियाहरूमा प्रत्यक्ष, अर्थपूर्ण र निर्णायक रूपमा सहभागी हुनु।
- **नेतृत्व (Leadership):** प्रमुख नीतिगत तथा नेतृत्वदायी पदहरू सम्हाल्नु र सामुदायिक, सङ्गठनात्मक वा राजनीतिक तहमा हुने निर्णयहरूलाई संस्थागत रूपमा मार्गनिर्देशित गर्नु।

## दोस्रो सत्र २: राजनीतिक सहभागिताका मार्गहरू र डिजिटल अभियान

**संक्षिप्त जानकारी**

यस सत्रले लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरू राजनीतिक प्रक्रियामा संलग्न हुने र लोकतान्त्रिक शासन व्यवस्थामा योगदान पुऱ्याउने विभिन्न मार्गहरूको चर्चा गर्दछ। सहभागीहरूले मतदाता र सामुदायिक पैरवीकर्तादेखि लिएर राजनीतिक उम्मेदवार र निर्वाचित प्रतिनिधिसम्मका विभिन्न भूमिकाहरूबारे जानकारी पाउनेछन्। साथै, यस सत्रले अनलाइन संलग्नता (engagement) का अवसर र जोखिमहरू (जस्तै: भ्रामक सूचना, अनलाइन दुर्व्यवहार, र डिजिटल सुरक्षा) लाई केलाउँदै डिजिटल पैरवी (Digital Advocacy) र चुनावी अभियानका साधनहरूबारे समेत प्रकाश पार्नेछ।

## राजनीतिक सहभागिताका मार्गहरू (Pathways of Poltical Participation)

राजनीतिक सहभागिताका विभिन्न रूप हुन सक्छन् र यसका लागि राजनीतिज्ञ वा निर्वाचित प्रतिनिधि नै हुनुपर्छ भन्ने छैन। LGBTIQ+ व्यक्तिहरूले निम्न भूमिकाहरू मार्फत राजनीतिक र सामाजिक परिवर्तनमा योगदान पुऱ्याउन सक्छन्:

- **मतदाता:** निर्वाचनमा मतदान गरी लोकतान्त्रिक परिणामहरूलाई प्रभाव पार्ने।
- **मतदाता शिक्षक:** मतदानको अधिकार, निर्वाचन प्रक्रिया र सचेत सहभागिताका बारेमा जनचेतना जगाउने।
- **निर्वाचन पर्यवेक्षक:** पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न निर्वाचन प्रक्रियाको अनुगमन गर्ने।
- **सामुदायिक परिचालक:** साझा मुद्दा र प्राथमिकताहरूका आधारमा समुदायका सदस्यहरूलाई संगठित गर्ने।
- **पैरवीकर्ता:** वकालत तथा पैरवीका प्रयासहरू मार्फत नीतिगत सुधार, मानव अधिकार र सामाजिक समावेशीकरणलाई बढावा दिने।
- **राजनीतिक दलको सदस्य:** दलका गतिविधिहरूमा भाग लिने र दलका नीति एवं निर्णयहरूलाई प्रभाव पार्ने।
- **अभियान स्वयंसेवक:** चुनावी अभियान, मतदाता शिक्षा र सचेतनाका गतिविधिहरूमा सहयोग गर्ने।

- **उम्मेदवार:** निर्वाचनमा प्रतिस्पर्धा गर्ने र सार्वजनिक पदका लागि उम्मेदवारी दिने।
- **निर्वाचित वा मनोनीत प्रतिनिधि:** स्थानीय, प्रादेशिक वा संघिय स्तरमा नेतृत्वदायी र निर्णय गर्ने पदहरूमा रहेर सेवा गर्ने।

## डिजिटल पैरवी र अभियान (Digital Campaigning)

नागरिक संलग्नता, पैरवी र राजनीतिक सहभागिताका लागि डिजिटल प्लेटफर्महरू महत्त्वपूर्ण माध्यम बनेका छन्, जसले समुदायको आवाजलाई बुलन्द गर्न, सचेतना जगाउन, समर्थकहरूलाई गोलबन्द गर्न र सार्वजनिक बहसलाई प्रभाव पार्न विशेष मद्दत गर्दछन्। यस अन्तर्गत विभिन्न प्लेटफर्महरूलाई फरक-फरक उद्देश्यका लागि उपयोग गर्न सकिन्छ; जस्तै फेसबुकलाई सामुदायिक संलग्नता (community engagement) र सार्वजनिक पहुँचका लागि, इन्स्टाग्रामलाई तस्बिर तथा भिडियो मार्फत प्रभावकारी कथा वाचनका लागि, र टिकटकलाई भिडियोहरू मार्फत शिक्षा/ जनचेतना र परिचालन, जागरुकका लागि प्रयोग गरिन्छ। त्यसैगरी, नीतिगत छलफल र निर्णयकर्ताहरूसँगको संवादका लागि एक्स (Twitter), र आन्तरिक समन्वय एवं तत्काल सूचना आदानप्रदानका लागि व्हाट्सएप र भाइबर समूहहरू निकै उपयोगी हुन्छन्। अभियानलाई अझ प्रभावकारी बनाउन सहभागीहरूले सामग्री लेखन (Content Drafting/writing), सञ्चार योजना, अनुसन्धान र रणनीति विकासमा सहयोग पुऱ्याउने एआई (AI) उपकरणहरूको समेत प्रयोग गर्न सक्छन्, तर यसरी काम गर्दा शुद्धता, पारदर्शिता र नैतिक मापदण्डको पालना गर्नुपर्ने हुन्छ।

## एलगोरिदम, भ्रामक सूचना र अनलाईन सुरक्षा

डिजिटल प्लेटफर्महरू एल्गोरिदम का आधारमा चल्छन्, जसले प्रयोगकर्ताले कस्ता सामग्रीहरू देख्छन् र कुनमा बढी प्रतिक्रिया जनाउँछन् भन्ने कुरा निर्धारण गर्छ। एल्गोरिदमको कार्यशैली बुझ्दा पैरवीकर्ताहरूलाई आफ्ना सन्देशहरूको पहुँच र प्रभाव बढाउन सजिलो हुन्छ। तर, अर्कोतर्फ अनलाइन माध्यमहरूमा गलत सूचना, नियोजित भ्रामक सूचना, घृणास्पद अभिव्यक्ति र हानिकारक भाष्यहरू पनि हुन सक्छन्, जसले व्यक्ति र समुदायमा नकारात्मक असर पार्न सक्छन्।

LGBTIQ+ अभियन्ता र अधिकारकर्मीहरुले अनलाइन हिंसा, साइबर बुलिङ, गोपनीयताको जोखिम र डिजिटल आक्रमणहरूको सामना गर्नुपर्ने हुन सक्छ। त्यसैले, डिजिटल सुरक्षाको अभ्यास गर्नु, व्यक्तिगत विवरणहरूको सुरक्षा गर्नु, सूचनाको स्रोत प्रमाणित गर्नु र अनलाइन दुर्व्यवहारको सुरक्षित रूपमा प्रतिवाद गर्नु डिजिटल संलग्नता तथा क्याम्पेनका महत्त्वपूर्ण पक्षहरू हुन्।

## मोड्युल ५ : सुरक्षा, संरक्षण, आत्मसम्मान तथा गठबन्धन र साझेदारी निर्माण

### संक्षिप्त जानकारी

अर्थपूर्ण राजनीतिक सहभागिताले दृश्यता, नेतृत्व र सामाजिक परिवर्तनका अनेकौँ अवसरहरू सिर्जना गर्न सक्छ तर यसले व्यक्ति र समुदायलाई विभिन्न जोखिम एवं चुनौतीहरूको घेरामा पनि धकेल्न सक्छ। यस मोड्युलले सहभागीहरूलाई व्यक्तिगत सुरक्षा, डिजिटल सुरक्षा,र सामूहिक संरक्षणलाई बढावा दिँदै राजनीतिक संलग्नतासँग जोडिएका जोखिमहरू पहिचान, मूल्याङ्कन र तिनको व्यवस्थापन गर्न मद्दत गर्दछ। यसका साथै, राजनीतिक सहभागिता र वकालतका लागि अझ सुरक्षित एवं समावेशी वातावरण निर्माण गर्न

गठबन्धन निर्माण, ऐक्यबद्धता र साझेदारीको महत्त्वबारे पनि यस मोड्युलमा विस्तृत रूपमा खोतल्ने प्रयास गरिएको छ।

## पहिलो सत्र १ः राजनीतिक सहभागितामा विभिन्न जोखिमहरू

**भौतिक जोखिमहरू:** भौतिक जोखिम अन्तर्गत व्यक्तिगत सुरक्षामाथि आइपर्ने खतराहरू पर्दछन्; जस्तै: र्‍याली, प्रदर्शन, राजनीतिक बैठक, चुनावी अभियान वा सार्वजनिक कार्यक्रमहरूका क्रममा हुन सक्ने दुर्व्यवहार, धम्की, हिंसा, कुटपिट वा सुरक्षा सम्बन्धी अन्य अवाञ्छित घटनाहरू। यी जोखिमहरू बुझ्नाले सहभागीहरूलाई पूर्वसावधानी अपनाउन र सहभागिताका बारेमा सुझबुझपुर्ण तरिकाले परिपक्व निर्णय लिन मद्दत पुग्दछ।

**डिजिटल जोखिमहरू:** डिजिटल जोखिम अन्तर्गत अनलाइन दुर्व्यवहार, साइबर बुलिङ, ह्याकिङ, व्यक्तिगत सूचनामा अनाधिकृत पहुँच, निगरानी, गलत सूचनाको प्रवाह र गोपनीयता भङ्ग हुने जस्ता पक्षहरू पर्दछन्। हिजोआज राजनीतिक संलग्नताहरू बढ्दो रूपमा डिजिटल माध्यमबाट हुने भएकाले, व्यक्तिगत विवरण, सञ्चार संवाद र वकालतका प्रयासहरूलाई सुरक्षित राख्न डिजिटल सुरक्षा अनिवार्य सर्त बनेको छ।

**सामाजिक जोखिमहरू**: पैरवी वा राजनीतिक गतिविधिमा संलग्न व्यक्तिहरूले सामाजिक लाञ्छना, विभेद, नकारात्मक सार्वजनिक भाष्य वा आफ्नो व्यक्तिगत एवं व्यावसायिक प्रतिष्ठामा आँच आउने जस्ता चुनौतीहरू झेल्नुपर्ने हुन सक्छ। लैंगिक तथा यौनिक अल्पसंख्यक अभियन्ताहरूले उनीहरूको यौन अभिमुखीकरण, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति र यौन विशेषताका बारेमा समाजमा व्याप्त पूर्वाग्रह र भ्रमका कारण थप सामाजिक जोखिमहरू भोग्नुपर्ने स्थिति आउन सक्छ।

**कानुनी जोखिमहरू:** नियम, कानुन,राजनीतिक प्रक्रिया वा प्रशासनिक कार्यविधिहरू सम्बन्धी अस्पष्टता वा गलत बुझाइका कारण कानुनी जटिलताहरू उत्पन्न हुन सक्छन्। वकालत, विभिन्न अभियान वा राजनीतिक गतिविधिहरूमा संलग्न हुँदा सहभागीहरूले आफ्ना अधिकार र कर्तव्यहरूप्रति पूर्ण रूपमा सचेत हुनुपर्छ र आवश्यक परेको खण्डमा उपयुक्त कानुनी सूचना र सहयोग लिनुपर्छ।

**मनोसामाजिक र पारिवारिक/सामुदायिक जोखिमहरू:** राजनीतिक संलग्नताले कहिलेकाहीँ मानसिक तनाव, चिन्ता, पारिवारिक मनमुटाव वा समुदायको तर्फबाट चर्को विरोध र आक्रोश निम्त्याउन सक्छ। पहिलेदेखि नै विभेद वा सामाजिक बहिष्करण भोगिरहेका व्यक्तिहरूका लागि यी जोखिमहरू अझ बढी गम्भीर हुन सक्छन्। अभियान र नेतृत्वलाई दिगो बनाउनका लागि स्व-हेरचाह (Self-care), साथीहरुको सहयोग (Peer support) र सामूहिक हेरचाह अत्यन्त महत्त्वपूर्ण पक्षहरू हुन्।

### विभिन्न राजनीतिक सहभागिताका क्षेत्रहरूमा हुने जोखिमहरू

राजनीतिक सहभागिताका फरक-फरक स्वरूप र माध्यमहरूमा जोखिमको स्तर पनि भिन्न-भिन्न हुने गर्दछ। विशेष गरी सार्वजनिक र्‍याली तथा प्रदर्शनहरू, सार्वजनिक सुनुवाइ तथा परामर्शहरू, राजनीतिक दलका बैठकहरू, सञ्चार माध्यममा दिइने अन्तर्वार्ता र सार्वजनिक भाषणहरूमा संलग्न हुँदा आ-आफ्नै प्रकारका जोखिम तथा चुनौतीहरू देखा पर्छन्। त्यसैगरी, सामाजिक सञ्जालका अभियानहरू र डिजिटल वकालत, तथा निर्वाचनका बेला उम्मेदवारहरूको दृश्यता र प्रचार-प्रसार जस्ता कार्यहरूमा पनि सुरक्षाको जोखिमका अनेकौँ आयामहरू जोडिएका हुन्छन्। त्यसकारण, यस्ता कुनै पनि राजनीतिक वा

नागरिक गतिविधिमा सहभागी हुनु अघि व्यक्तिहरूले आफूमाथि आइपर्न सक्ने सम्भावित जोखिमहरूको सुक्ष्म तरिकाले मूल्याङ्कन गर्नु पर्छ र त्यसलाई न्यूनीकरण गर्ने उपयुक्त उपायहरूबारे गम्भीरतापूर्वक विचार गर्नुपर्छ।

त्यसैले प्रभावकारी राजनीतिक सहभागिता र प्रतिनिधित्वको लागि साहस र नेतृत्व क्षमता मात्र नभएर, सावधानीपूर्वक योजना र जोखिम व्यवस्थापन पनि उत्तिकै आवश्यक हुन्छ। जोखिम तथा चुनौतीहरु बुझ्नाले व्यक्ति तथा समुदायहरूलाई राजनीतिक र सार्वजनिक जीवनमा सुरक्षित, आत्मविश्वासका साथ र रणनीतिक रूपमा अगाडि बढ्न मद्दत पुग्दछ।

## दोस्रो सत्र : जोखिम मूल्याङ्कन र न्यूनीकरणका उपायहरू

### संक्षिप्त जानकारी

यस सत्रमा राजनीतिक सहभागिता, पैरवी र सार्वजनिक सहभागीता/संलग्नताका क्रममा आउन सक्ने जोखिमहरू पहिचान, मूल्याङ्कन र व्यवस्थापन गर्ने व्यावहारिक ज्ञान र स्रोत तथा रणनीतिहरूमा चर्चा गरिने छ । सहभागीहरूले सुरक्षा सम्बन्धि मूल्याङ्कन गर्न, जोखिम न्यूनीकरणका उपायहरू विकास गर्न, डिजिटल सुरक्षा अभ्यासहरू प्रभावकारी बनाउन र व्यक्तिगत तथा सामूहिक कल्याण लाई प्रवर्द्धन गर्ने बारे सिक्नेछन्। साथै, सुरक्षित र थप प्रभावकारी वकालतको वातावरण सिर्जना गर्न साथी सहयोग, र गठबन्धन निर्माणको महत्त्वलाई पनि यस सत्रमा छलफल गरिनेछ।

### अध्ययन सामाग्री

## जोखिम मूल्याङ्कन र जोखिम म्याट्रिक्स खाका (Risk Matrix Framework)

जोखिम मूल्याङ्कन भनेको राजनीतिक वा वकालतका गतिविधिहरूमा संलग्न हुनुपूर्व सम्भावित खतरा र कमजोरीहरू पहिचान गर्ने प्रक्रिया हो, जसमा एउटा सरल जोखिम म्याट्रिक्सको प्रयोग गरी चारवटा मुख्य तत्त्वहरूका आधारमा जोखिमको विश्लेषण गरिन्छ। यस अन्तर्गत पहिलो तत्त्व **'सम्भावना'** ले जोखिम निम्तिने सम्भाव्यतालाई हेर्दछ भने दोस्रो तत्त्व **'असर'** ले जोखिम निम्तिएमा हुन सक्ने सम्भावित परिणाम वा क्षतिलाई बुझाउँछ, त्यस्तै तेस्रो तत्त्व **'न्यूनीकरणका उपायहरू'** ले जोखिम कम गर्न वा रोक्न चालिने कदमहरूलाई समेट्छ र चौथो तत्त्व **'जिम्मेवारी'** ले ती उपायहरू कार्यान्वयन गर्ने व्यक्ति वा पक्षलाई पहिचान गरि काम को जिम्मा दिन्छ। समग्रमा, यस जोखिम म्याट्रिक्सको योजनाबद्ध प्रयोगले व्यक्ति र संस्थाहरूलाई सही निर्णय लिन तथा कुनै पनि गतिविधि सुरु गर्नुअघि उपयुक्त एवं ठोस सुरक्षा योजनाहरू तयार गर्न महत्त्वपूर्ण सहयोग पुर्‍याउँछ।

## सुरक्षा सम्बन्धि जोखिम मूल्याङ्कन

सार्वजनिक कार्यक्रम, अभियान, बैठक वा वकालतका गतिविधिहरूमा भाग लिनुअघि सहभागीहरूले सुरक्षा मूल्याङ्कन गर्नु आवश्यक हुन्छ। यस अन्तर्गत सम्भावित खतराहरूको पहिचान गर्ने, कार्यक्रम स्थलको सुरक्षा जाँच्ने, सरोकारवालाहरूको गतिशीलता बुझ्ने, यातायात र सञ्चार व्यवस्थाको मूल्याङ्कन गर्ने र आपत्कालीन कार्यविधिहरू तयार गर्ने जस्ता कार्यहरू पर्दछन्। सुरक्षा परीक्षण (safety audits) ले कमजोरीहरू पहिचान गर्न र पूर्वतयारीलाई मजबुत बनाउन मद्दत गर्दछ।

## डिजिटल र सुरक्षा परिक्षण (Digital Safety Audit)

**डिजिटल सुरक्षा परीक्षण (Digital Safety Audit)**

आधुनिक वकालत र राजनीतिक संलग्नतामा डिजिटल सुरक्षा एक अत्यावश्यक पाटो हो। सहभागीहरूले निम्न उपायहरू अपनाएर नियमित रूपमा आफ्नो डिजिटल सुरक्षा सम्बन्धि अभ्यासहरूको मूल्याङ्कन र सुदृढीकरण गर्नुपर्छ:



- सामाजिक सञ्जालका खाताहरूमा गोपनीयता र सुरक्षा सम्बन्धि सेटिङहरूको समीक्षा गर्ने।
- बलियो पासवर्ड र दुई-चरण प्रमाणीकरण (two-factor authentication) प्रयोग गर्ने।
- खाता सुरक्षित रूपमा रिकभर गर्ने (account recovery) विकल्पहरू सेट गर्ने।
- अनलाइन दुर्व्यवहार वा  हिंसा र अभिलेखीकरण (documenting) गर्ने।
- व्यक्तिगत र संवेदनशील जानकारी सुरक्षित राख्ने।
- डिजिटल सुरक्षासम्बन्धी आकस्मिक समस्या पर्दा सहयोगका लागि विश्वसनीय सम्पर्क व्यक्तिहरूको सूची बनाइराख्ने।

## व्यक्तिगत र सामुहिक हेरचाह

राजनीतिक सहभागिता र वकालतका कार्यहरू भावनात्मक रूपमा थकित बनाउने खालका हुन सक्छन्। यसले व्यक्तिहरूलाई तनाव, र मनोसामाजिक चुनौतीहरूको जोखिममा पार्न सक्छ। व्यक्तिगत र सामूहिक हेरचाहका अभ्यासहरूले मानसिक स्वास्थ्य राम्रो बनाई राख्न मद्दत गर्दछन्। यसमा स्व-हेरचाह,साथी सहयोग, मनोसामाजिक परामर्श सेवा, मेन्टरसिप र समुदाय वा संस्थाभित्र सहयोगी सञ्जालहरू निर्माण गर्ने कार्यहरू प्रभावकारी हुन्छन्।

## समान विचारधारा भएका र सिमान्तकृत समुहहरूसंग सम्बन्ध विस्तार/निर्माण

अन्य सीमान्तकृत र प्रतिनिधित्व कम भएका समूहहरूसँग गठबन्धन निर्माण गर्दा सामूहिक वकालत बलियो हुन्छ र निर्णय प्रक्रियामा प्रभाव बढाउन सकिन्छ। महिला समूह, युवा सञ्जाल, अपाङ्गता अधिकारसम्बन्धी संस्था, आदिवासी जनजाति समुदाय, मानव अधिकार सङ्गठन र अन्य सामाजिक न्यायका आन्दोलनहरूसँगको सहकार्यले साझा सरोकारका विषयहरूलाई प्रवर्द्धन गर्न, व्यापक समर्थन जुटाउन र समावेशी नीति तथा अभ्यासहरूलाई अगाडि बढाउन मद्दत गर्दछ।

त्यसैले राजनीतिक तथा सामाजिक वकालतका गतिविधिहरूलाई सुरक्षित र प्रभावकारी बनाउन जोखिम मूल्याङ्कन एक अनिवार्य प्रक्रिया हो, जसले सम्भावित खतराको सम्भावना, त्यसको असर, न्यूनीकरणका

उपाय र जिम्मेवारी पहिचान गरी ठोस सुरक्षा योजना बनाउन मद्दत गर्दछ। यस अन्तर्गत भौतिक सुरक्षा सुनिश्चित गर्न सार्वजनिक कार्यक्रम र यातायातको सुरक्षा परीक्षण गर्ने तथा डिजिटल क्षेत्रमा गोपनीयता सेटिङ, बलियो पासवर्ड, दुई-चरण प्रमाणीकरण र आकस्मिक सम्पर्कको व्यवस्थापन मार्फत अनलाइन सुरक्षालाई बलियो बनाउनु पर्दछ। साथै, वकालतका क्रममा आउने मानसिक र भावनात्मक तनावलाई व्यवस्थापन गर्न व्यक्तिगत एवं सामूहिक हेरचाह र मनोसामाजिक परामर्श आवश्यक हुन्छ भने सामूहिक आवाजलाई थप शक्तिशाली, समावेशी र प्रभावकारी बनाउन महिला, युवा, अपाङ्गता र आदिवासी जनजाति जस्ता समान विचारधारा भएका सीमान्तकृत समूहहरूसँग बलियो गठबन्धन एवं सम्बन्ध विस्तार गर्नु अपरिहार्य रहन्छ।

## सन्दर्भ सामग्रीहरू


1. *Training of Trainers (TOT) on Safe and Meaningful Political Participation and Representation of LGBTIQ+ Communities in Nepal-* Training Module_TOT-LGBTIQ+Political-Inclusion, developed by HGM 2026
2. Sexual Orientation Gender Identity, Gender Expression and Sex Characteristics (SOGIESC) TRAINING TOOLKIT- Blue Diamond Society 2025
3. CSE SUPPLEMENTARY MANUAL SOGIESC)-Blue Diamond Society 2023.
4. Constitution of Nepal 2072, Link: https://lawcommission.gov.np/content/12363/12363-international-covenant-on-civi/
5. Human Rights | United Nations , Link: https://www.un.org/en/global-issues/human-rights
6. UBICEF, The international human rights frameworks, Link: https://www.unicef.org/armenia/en/stories/international-human-rights-framework
7. योग्याकार्ता सिद्दान्तहरु -यौन अभिमुखीकरण र लैंगिक पहिचान को सम्बन्दह्मा अन्तराष्ट्रिय मानव अधिकार कानुन उपयोगका सिद्दान्तहरु -निल हिरा समाज -२००७
8. योग्याकार्ता सिद्दान्तहरु +10- Blue Diamond Society
9. Yogyakartaprinciples.org, Link: https://yogyakartaprinciples.org/introduction-yp10/
10. OHCHR–Instruments and Mechanism, Link: https://www.ohchr.org/en/instruments-and-mechanisms
11. Nepal Journals Online: **संघिय शासन प्रणाली : अवधारणा र नेपालको अभ्यास,** Link: **https://www.nepjol.info/index.php/PB/article/download/77757/59559/223883**
12. **TikaRam Bhusal Publications, Link: https://sites.google.com/u/1/d/1YEvGocjnirqOeFQcW5MG6p6nd8n6Ac_M/preview**
13. निर्वाचन आयोग नेपाल , Link: https://election.gov.np/source/%E0%A4%A8%E0%A4%BF%E0%A4%B0%E0%A5%8D%E0%A4%B5%E0%A4%BE%E0%A4%9A%E0%A4%A8%20%E0%A4%B6%E0%A4%BF%E0%A4%95%E0%A5%8D%E0%A4%B7%E0%A4%BE%20_-/17_ECN_Blue_%20final%20booklet%20_%20Election%20System%20of%20Nepal.pdf
14. Parliament. Gov.Np, Link: https://hr.parliament.gov.np/np/committees
15. Gorkhapatra Online, नागरिक समाजको भूमिका , Link: https://gorkhapatraonline.com/news/93386
16. Beekeeper Group- Digital Advocacy and Campaign Strategy, Link: https://beekeepergroup.com/services/digital-advocacy-campaign-strategy/
17. The Commons Social Change Library- Staying Safe: Protective Strategies for Activists, Link: https://commonslibrary.org/staying-safe-protective-strategies-for-activists/
18. Risk Matrix Analysis, Link : https://www.metricstream.com/learn/what-is-risk-matrix.html and https://popp.undp.org/document/risk-analysis-matrix-template
19. Cisco Networking Academu- Digital Safety and Security , Link : https://www.netacad.com/courses/digital-safety-security

BLUE DIAMOND
SOCIETY
Nepal


# Blue Diamond Society

**Dhumbarahi, Kathmandu, Nepal**

**Phone : +977-01-4526652, 01-4526653**

**Email : info@bds.org.np**